का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ माघ २०८१,
शुक्रबार
17 January, 2025
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक ३२९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# ३ वर्षमा २ लाखले सधैंका लागि छाडे देश

नेपालमा जति मिहिनेत गरे पनि सहज जीवनयापन कठिन छ । तर, विकसित देशमा जाँदा शिक्षा, स्वास्थ्य, रोजगारीको राम्रो अवसर छ । देशमा भन्दा विदेशमा भविष्य राम्रो देख्दा स्थायी रूपमा विदेश बसाईंसराइ बढेको हो । देश बन्ने अपेक्षा गरेका जनता, लगानीकर्ता र व्यवसायीमा समेत पछिल्लो ३ वर्षमा निराशा देखिन्छ

**डा. शुक्रराज अधिकारी**, समाजशास्त्री

**देश छाड्नेको वार्षिक तथ्यांक**




**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, ३ माघ ।

नेपालका राजनीतिक दलहरूले निर्वाचनमा देशको विकास र समृद्धिका लागि भनेर जनतासँग मत माग्ने गरेका छन् । देश बनाउँछौं भनेर भाषण गरेका र आश्वासन दिएका नेतृत्व तहले देश बनाउने भन्दा पनि सत्तामा कसरी पुग्ने खेलमा लाग्दा जनतामा निराशा देखिन्छ ।

जनतामा निशाना दिन प्रतिदिन बढ्दै जाँदा नफर्कनेगरी देश छाड्नेको संख्या पनि बढ्दो छ ।

पछिल्लो ३ वर्षको तथ्यांक हेर्ने हो भने, यसबीच २ लाख ७ हजार १०१ जना नेपालीले कहिल्यै नफर्कनेगरी देश छाडेका छन् । अध्यागन विभागको तथ्यांक हेर्ने हो भने, सन् २०२० मा ५ हजार १४४ जना नेपालीले स्थायी रूपमै देश छाडेका थिए ।

सन् २०२१ मा १ हजार ५४१, सन् २०२२ मा ६९ हजार ३५१, सन् २०२३ मा ७० हजार ९१५ नेपालीले स्थायी रूपमा देश छाडेको थिए ।

यस्तै, सन् २०२४ मा ६६ हजार ८३५ जना नेपालीले सधैंका लागि देश छाडेका छन्, जसमध्ये ३४ हजार ५४४ जना महिला छन् भने ३२ हजार २८७ जना पुरुष छन् ।

तथ्यांक हेर्दा देश छाड्नेमा महिला र पुरुषको बराबरीकै अवस्था देखिन्छ । स्थायी बसोबासका लागि >>> पृष्ठ २ मा

**जलवायु परिवर्तन रोक्न सक्रिय बनौँ**

- जलवायु परिवर्तन र यसवाट पर्ने असरवारे सचेत गराऔं,
- वोटविरुवा लगाऔं हरियाली प्रर्वधन गरौं,
- नविकरणीय उर्जाको प्रयोग गरौं,
- फोहोरमैला व्यवस्थापनमा ध्यान दिऔं,
- जलवायु परिवर्तन अनुकूलका वाली र तरकारी लगाऔं,
- पानीका स्रोतहरूको संरक्षण गरौं,
- वनजङ्गलको संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# गैरआवासीय नेपालीलाई भिसा लागू नहुँदै असन्तुष्टि



गैरआवासीय नेपालीले नागरिकता प्राप्त गर्ने हुँदा भिसा किन ?

**विश्वप्रकाश शर्मा**
महामन्त्री, नेपाली कांग्रेस



नागरिकता भएपछि भिसा नलिनुपर्ने होइन तर नेपाली राहदानी नभएका कारण भिसा लिनुपर्छ भनिएको छ

**बद्री के. सी.**
अध्यक्ष
गैरआवासीय नेपाली संघ

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ३ माघ ।

गैरआवासीय नेपालीहरूलाई नेपालको नागरिकता वितरण सुरु भएपछि उनीहरूलाई भिसा दिने कि नदिने बहस सुरु भएको छ ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गत वर्ष ३० असोजमा २ गैरआवासीय नेपालीलाई नागरिकताको प्रमाणपत्र प्रदान गरेर गैरआवासीय नेपालीहरूलाई नेपालको नागरिकता वितरण सुरु गरेका थिए ।

२०७२ सालमा जारी भएको संविधानमा संशोधित प्रावधानअनुसार गैरआवासीय नेपालीहरूलाई नागरिकता दिने व्यवस्था गरेको छ । तर, संविधान जारी भएको ९ वर्षसम्म नागरिकता ऐन संशोधन नहुँदा उनीहरूले नागरिकता पाउन सकेका थिएनन् ।

१६ जेठमा राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता विधेयक प्रमाणीकरण गरेपछि असोजमा नियमावली संशोधन भएको थियो ।

संविधानमा यस्तो व्यवस्था भएपछि ५०औं लाखको संख्यामा रहेका गैरआवासीय नेपालीहरूलाई नेपाली नागरिकता प्राप्त गर्ने बाटो खुलेको हो ।

तर, संविधानअनुसार त्यस्ता नागरिकता लिएका गैरआवासीय नेपालीले राजनीतिक र प्रशासनिक अधिकार भने पाउने छैनन् । गैरआवासीय नेपाली नागरिकता >>> पृष्ठ २ मा

## भिसाको बहस

गैरआवासीय नेपाली नागरिकता लिएका गैरआवासीय नेपालीहरूले नेपाल आउँदा भिसा लगाउनुपर्ने बहस चलिरहेको छ ।

गृह मन्त्रालयले पछिल्लो पटक अद्यावधिक गरेको विवरणअनुसार १० माघसम्म १ हजार ३७२ जनाले गैरआवासीय नेपाली नागरिकता लिएका छन् । अध्यागमन विभागका अनुसार गैरआवासीय नेपालीहरूले नेपाल आउने क्रममा अन्य विदेशी नागरिकहरू सरह भिसा लगाएर आउनुपर्छ । >>> पृष्ठ २ मा

# रविविरुद्ध रुपन्देहीमा मुद्दा दर्ता तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ माघ ।


काठमाडौं र पोखरा जिल्ला अदालतबाट धरौटीमा रिहा भएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्ध रुपन्देही जिल्लामा अर्को मुद्दा दर्ता गर्ने तयारी भएको छ ।

जिल्ला सरकारी वकिलको कार्यालय रुपन्देहीले पूर्वगृहमन्त्रीसमेत रहेका लामिछाने र उनका साझेदार एवं गोर्खा मिडियाका तत्कालीन संचालक छविलाल जोशीसहितविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गर्न लागेको हो ।

बुटवलस्थित सुप्रिम सहकारी संस्थाको बचत रकम ठगी प्रकरणमा लामिछानेसहितका प्रतिवादीहरूविरुद्ध शुक्रबार पूरक अभियोग दर्ता गर्ने तयारी सरकारी वकिल कार्यालयको छ ।

कार्यालयले बिहीबार १७ जनाविरुद्ध थप अभियोगपत्र दायर गरेको छ । गोर्खा मिडिया नेटवर्कमा रविका साझेदार तथा सुप्रिम सहकारीका संचालक गितेन्द्रबाबु राई (जीबी)सहित २८ जनाविरुद्ध पहिले नै अभियोग दर्ता भइसकेको छ ।

बिहीबार थप अभियोगमा



प्रतिवादी जीबीसहित १७ जनाविरुद्ध संगठित अपराधको कसुर समावेश गरिएको जिल्ला सरकारी वकिलको कार्यालयले जनाएको छ ।

यसअघि नै मुद्दा दर्ता भइसकेकाहरूको कसुरमा बिहीबार थप कसुर र बिगोसहित अभियोग लगिएको छ । पूरक अभियोग शुक्रबार दर्ता गरिने जिल्ला सरकारी वकिलको कार्यालय रुपन्देहीले जनाएको छ ।

लामिछाने र जोशीविरुद्ध सहकारी ठगी र संगठित अपराधमा पनि मुद्दा दायर गर्ने तयारी सरकारी वकिलको कार्यालयले गरेको छ ।

रुपन्देहीको सुप्रिम सहकारीबाट १ हजार ८२८ जना बचतकर्ताको >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# वैदेशिक रोजगारीका नाममा ८५ लाख ठगी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ माघ ।

वैदेशिक रोजगारीमा विभिन्न देश पठाइदिन्छु भन्दै १४ जनाबाट करिब ८५ लाख रुपैयाँ ठगी भएको छ । बेरोजगार युवा-युवतीहरूलाई आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देशमा लैजाने भन्दै ठूलो रकम लिएर लामो समयसम्म झुक्याएर राखेर फरार भएका व्यक्तिहरूविरुद्ध परेको उजुरीमा उक्त रकम बराबर ठगी भएको देखिएको हो ।

प्रहरीले वैदेशिक रोजगारीका लागि बेलायत पठाउने भन्दै २ जनाबाट ६० लाख ८९ हजार लिएको उजुरीका आधारमा तनहुँ बन्दीपुरकी सन्जिता गुरुङ र यूएई पठाउने भन्दै ११ जनाबाट २४ लाख लिएको उजुरीका आधारमा तनहुँ भिमादका रेशमराज लामिछानेलाई पक्राउ गरेको छ । गुरुङ न्युरोड र लामिछाने बौद्धबाट पक्राउ परेका हुन् ।

सरकारले वैदेशिक रोजगारीमा जान अधिकांश देशका लागि १० हजार रुपैयाँ शुल्क तोकेको छ तर वैदेशिक रोजगार ठगीका उजुरी करोडमा देखिने गरेका छन् । संस्थागत अर्थात् म्यानपावर कम्पनीमार्फत वैदेशिक रोजगारीमा गए ठगीमा परे वा विदेशमा तोकिएको तलब सुविधा नपाए वैदेशिक रोजगार विभागले तत्कालै 'एक्सन' लिएर पीडितको वास्तविक लागत उठाइदिने गरेको छ ।

हाल म्यानपावर कम्पनी संचालकहरू आफैं अग्रसर भएर वैदेशिक रोजगारीमा गएर फर्केका युवा-युवतीलाई क्षतिपूर्ति दिएर उजुरी सकेसम्म विभागमा दर्ता हुन नदिने प्रयास गरिरहेका छन् । तर, विभागमा व्यक्तिगत ठगीका उजुरी थपिँदा पीडितले पाउनुपर्ने रकम पनि दैनिक बढ्दै गएको छ ।

वैदेशिक रोजगारीका लागि यूएईसहित पोल्यान्ड, अमेरिका, क्यानाडा, कोरिया, सिंगापुर, इजरायल, चेक रिपब्लिक, नर्वे, पोर्चुगल, सर्बिया, अजरबैजानलगायतका देशमा पठाइदिने भन्दै नक्कली वर्क पर्मिटलगायत कागजातहरू देखाएर विश्वासमा पारी प्रोसेसिङ गरिदिने भन्दै >>> पृष्ठ २ मा

## वैदेशिक रोजगारीले सिकाएको व्यावसायिकता

**इलाम/रासस**– माईजोगमाई गाउँपालिका- ४ नामसालिङका पुजन र लक्ष्मी प्रधानको जोडी वैदेशिक रोजगारीबाट फर्किएपछि गाउँमै स्वरोजगार बनेका छन् । ६ वर्ष साइप्रसमा काम गरेर गाउँ फर्किएका उनीहरूले ३० लाख लगानीमा बंगुरपालन सुरु गरेको ७ महिना भयो ।

'लक्ष्मी पशुपालन बंगुर फार्म' दर्ता गरेर सुरु गरिएको व्यवसायमा आम्दानी सुरु हुन अब ३ महिना लाग्छ । 'अहिले ४२ बंगुर छन् । पाठा हालेको ७ महिना भयो । अब ३ महिना पालेपछि विक्री गर्न सकिन्छ', लक्ष्मीले भनिन्, 'पाठा हुर्किंदै जाँदा लगानी बढ्दै गएको छ तर बजार भाउ राम्रो छ । बेच्न समस्या हुँदैन ।'

राम्रो स्याहार पुगेको एउटा बंगुर सामान्यतया १ क्विन्टल हुने उनले बताइन् । इलामका बजारमा बंगुरको मासु हाल प्रतिकिलो ५०० देखि ६०० रुपैयाँसम्ममा विक्री भइरहेको छ ।

पशुपालन मात्र होइन, पुजनका २ वटा यात्रु गाडी छन् । फार्ममा लक्ष्मीसहित अन्य २ जना खट्छन् भने पुजन >>> पृष्ठ २ मा

# अर्को 'नयाँ शक्ति'को प्रयास

सबै विचार समूहका व्यक्ति अटाउन सक्ने पार्टी संरचनासहितको खाका प्रस्तुत गरेर भीम रावलले आफू अर्को नयाँ राजनीतिक शक्तिको अभ्यासमा रहेको प्रस्ट सन्देश दिएका छन्



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ माघ ।

नेकपा एमालेबाट निष्कासनमा परेका भीम रावलले पार्टी संरचनाको खाका प्रस्तुत गरेका छन् । पूर्वउपप्रधान एवं गृहमन्त्री रावलले अलग्गै पार्टी निर्माण प्रक्रिया सुरु गरेका हुन् ।

सबै विचार समूहका व्यक्ति अटाउन सक्ने उनले अवधारणापत्र सार्वजनिक गरेका हुन्, जसमा पार्टीको नाम ' मातृभूमि जागरण अभियान नेपाल' रहने भनिएको छ । यस्तो पार्टी संरचनासहितको खाका प्रस्तुत गरेर रावलले आफू अर्को नयाँ राजनीतिक शक्तिको अभ्यासमा रहेको प्रस्ट सन्देश दिएका छन् ।

रावलले वडा तहसम्म पार्टीको संरचना कस्तो हुने र कति सदस्यीय हुनेसमेत समावेश गरेका छन् । वडा, पालिका, प्रदेशदेखि केन्द्रसम्म संगठन निर्माण गर्ने भनिएको छ । जुन तहको भेला हुन्छ, त्यही तहको समिति बन्ने र त्यस्तो समिति १५ देखि २५ सदस्यीय रहने छ । योभन्दा बढी सदस्यीय हुन आवश्यक भएको खण्डमा सम्बन्धित तहमा तसर्थ परिषद् गठन गर्ने व्यवस्था राखिएको छ ।

२०३० सालदेखि प्रगतिशील विद्यार्थी राजनीतिमा होमिएयता रावल राजनीतिमा छन् । ५ दशकदेखि राजनीतिमा सक्रिय रावल एमालेमा निष्कासनमा परेपछि नयाँ पार्टी निर्माणमा जुटेका हुन् । नेकपा (एकीकृत समाजवादी)का >>> पृष्ठ २ मा

# निजामती कर्मचारीको अवकाश उमेर ६३ वर्ष पुर्‍याउन सुझाव



**काठमाडौं/मस-** नेपालको बदलिँदो जनसांख्यिक संरचना र स्वरुपअनुसार निजामती सेवालाई समयसापेक्ष र जनमुखी बनाउन जनसंख्याको बनावट, औसत आयु र श्रमिकको उपलब्धतालगायत पक्षलाई गहिरोसँग अध्ययन गर्न सुझाएका छन् ।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको बिहीबार बसेको बैठकमा 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'माथि जनसंख्या बनावटका सन्दर्भमा सुझाव दिँदै विज्ञ चेतन अधिकारीले राज्यलाई पर्ने आर्थिक भार, स्वास्थ्य सेवाको अवस्था र सेवाको प्रकृतिका आधारमा कर्मचारीको अवकाशको उमेर निर्धारण गर्न उचित हुने बताए ।

शिक्षा, स्वास्थ्य, प्रतिव्यक्ति आय, जीवनशैली, यातायात तथा सञ्चारका सुविधाका कारण नेपालीको औसत आयु बढेको उल्लेख गर्दै अधिकारीले शारीरिक भन्दापनि मानिसक र नीतिगत अभ्यास गर्ने थलो निजामती सेवा भएकाले कर्मचारीको उमेरहद ६३ वर्ष बनाउँदा हुने बताए ।

निजामती सेवा बृहत रोजगारी उपलब्ध गराउने क्षेत्र नभई सार्वजनिक प्रशासनलाई क्षमतावान् र जनतालाई छिटो सेवा प्रवाह गर्ने इकाइ भएकाले यसलाई रोजगारी सिर्जनाको आधार मान्नु नहुने उनको भनाइ छ ।

'यदि ५८ वर्षमा नै निजामती कर्मचारीको सृजनशीलता, शारीरिक तन्दुरुस्ती र कामप्रतिको लगाव कमजोर हुन्छ भनेर मान्ने हो भने सरकारले अवकाश दिनासाथ संवैधानिक आयोगका प्रमुख तथा सदस्य, राजदूत वा अन्य महत्वपूर्ण जिम्मेवारीमा पुनः नियुक्ति किन गरिन्छ ?',उनले प्रश्न गरे ।

जनसंख्याविद् दामोदर ज्ञवालीले निजामती कर्मचारीको सेवा प्रवेशलाई खुला गर्न सुझाव दिँदै उमेरको सीमा नराखी योग्यता र क्षमता तोक्न सकिने बताए । उनले निजमती कर्मचारीको अधिकृतस्तरको योग्यता स्नातकोत्तर बनाउन सुझाव दिए ।

## ३ वर्षमा...

नेपालीहरू अमेरिका, बेलायत, जापान, क्यानाडा, अस्ट्रेलिया र युरोपसम्म पुगेका छन् ।

राजनीतिक अस्थिरता, नेपालीमा आएको जीवनशैली, रोजगारीलगायतका कारण स्थायी रूपमा देश छाड्ने क्रम बढेको देखिन्छ। राज्यले आफ्ना नागरिकलाई देश बन्दै छ भन्ने विश्वास गराउन नसक्दा निराशाको कारणसमेत देश छाड्नेको संख्या बढिरहेको छ ।

तयांकअनुसार सन् २०२४ मा १६ लाखभन्दा बढी नेपालीले देश छाडेका अध्यागमन विभागले जनाएको छ, जसमा ६६ हजार ८३५ जनाले स्थायी रूपमा विदेश बस्नेगरी नेपाल छाडेका छन्। यसैगरी अस्थायी बसोबासका लागि १ लाख ८२७ जनाले नेपाल छाडेका छन्, जसमा ५६ हजार २२१ पुरुष र ४४ हजार ५३६ जना महिला छन् ।

सन् २०२४ मा रोजगारीका लागि देश छाड्ने नेपालीहरूको संख्या ८ लाख ८ हजार ४१५ छ । रोजगारीका लागि ८ लाख ५६ हजार ४२२ जनाले देश छाडेका छन्, जसमा पुरुष ७ लाख ७९ हजार ८९० र महिला ९६ हजार १९७ बिदेसिएका अध्यागमन विभागको तथ्यांक छ । सन् २०२४ मा अध्ययनका लागि पनि १ लाख १९ हजार ४०९ जना विदेश गएका छन् । यस्तै, परिवारिक तथा नातेदार भिसामा १ लाख ३१ हजार ७९६, डिपेन्डेन्ट भिसामा ३३ हजार ९०९ जना र विजनेशका लागि भनेर २० हजार १०१ जना १ वर्षमा बिदेश गएका विभागले जनाएको छ।

युवा जनशक्तिमा निराशा, देशमा रोजगारी सृजना नहुँदा देश छाड्ने क्रम रोकिएको छैन । स्थायित्वका लागि भनेर ३० वैशाख २०७९ मा स्थानीय तहको निर्वाचन र ४ मंसिरमा भएका संघ र प्रदेशका निर्वाचनपछि पनि देश छाड्नेको संख्या बढिरहेको छ ।

समाजशास्त्रीले डा. शुक्रराज अधिकारी गाउँबाट शहर, सानो शहरबाट ठूलो शहर वा सुविधा खोजेर जाने मानवीय स्वभावकै कारण देश छाड्नेको संख्या बढिरहेको बताउँछन् । उनले भने, 'नेपालमा जति मिहिनेत गरे पनि सहज जीवनयापन कठिन छ । तर, विकसित देशमा जाँदा शिक्षा, स्वास्थ्य, रोजगारी, खानपान, वातावरण राम्रो छ । देशमा भन्दा बिदेशमा भविष्य राम्रो देख्दा स्थायी रूपमा विदेश बसाइँसराइ बढेको हो ।' देश बन्ने अपेक्षा गरेका जनता, लगानीकर्ता र व्यवसायीसमेत पछिल्लो ३ वर्षमा निराश नै देखिएका छन् । दलहरू सत्ताकै खेलमा लाग्दा युवा जनशक्ति नेपालमा बस्न नै चाहिरहेका छैनन् भने राजनीतिक स्थायित्व र दलहरूबीचकै खिचातानीको कारण आमजनतामा निराशा कायम रहेको अधिकारी बताउँछन् ।

## रविविरुद्ध...

८६ करोड १८ लाख २३ हजार ७५४ रुपैयाँ ठगी गरेको आरोप छ । बचतकर्ताको रकम यी २८ प्रतिवादीको संलग्नतामा विभिन्न व्यक्तिको नाममा अपचलन गरेको पुरानै अभियोग छ ।

जिल्ला सरकारी वकिलको कार्यालयले लामिछानेको नाममा सुप्रिम सहकारीबाट २ करोड रुपैयाँ निकासा गरिएको भेटिएको जनाएको छ। सुप्रिम सहकारीले रकम पठाएका कम्पनीका संचालक समितिको नाम र विवरण पनि अभियोगपत्रमा छ, जसमा लामिछानेको नाम पनि उल्लेख छ ।

गोर्खा मिडिया नेटवर्क प्रा. लि.का संचालकमध्ये लामिछानेको पनि हिनामिनामा संलग्ता रहेको संसदीय छानबिन समितिले पुष्टि गरेको थियो । रकम अपचलन गर्ने कम्पनीमा लामिछानेको १ लाख ८० हजार कित्ता शेयर देखिएको थियो ।

यस शेयरको मूल्य १ करोड ८० लाख रुपैयाँ छ । ७ पुस २०७८ मा गोर्खा मिडिया नेटवर्क प्रा. लि.को शेयर लामिछानेको नाममा कायम गरेको भेटिएको थियो ।

यसअघि लामिछाने पोखराको सूर्यदर्शन सहकारी ठगीको आरोपमा ६५ लाख धरौटीमा रिहा भएका छन्।

यस्तै, उनी काठमाडौंको स्वर्णलक्ष्मी सहकारी ठगीको कसुरमा ६० लाख धरौटीमा रिहा भएका छन्। लामिछानेविरुद्ध चितवनको सहारा चितवन र पर्साका सानो पाइला सहकारीमा पनि मुद्दा चलाउने तयारी छ। दुवै जिल्लाका प्रहरीले अनुसन्धान अन्तिम चरणमा पुर्‍याएका छन् ।

## लागू...

लिनका लागि विदेशी मुलुकको नागरिकता पाएर सार्क मुलुकबाहेक अन्यत्र बसोबास गरेको हुनुपर्ने छ । नेपालको संविधानको धारा ८७ (क) मा भएको व्यवस्थाअनुसार सार्क मुलुकमा बसोबास गर्ने नेपालीले यो सुविधा पाउँदैनन् ।

त्यसरी विदेशको नागरिकता पाएको व्यक्तिको आफ्ना बाबु वा आमा, बाजे वा बज्यै नेपाली नागरिक भएको पुष्टि हुने प्रमाण दिनुपर्ने छ । आफूले नेपाली नागरिकता लिएको भए त्यागेको प्रमाण दिनुपर्छ अनि विदेशी मुलुकको नागरिकता भएको र आफू सार्क मुलुकबाहेकको देशमा बसोबास गरेको प्रमाण पनि पेस गर्नुपर्छ ।

## भिसाको...

गैरआवासीय नागरिकता नेपालको नागरिकता त्याग गरिसकेपछि पाइने विषय भएको हुँदा उनीहरू नेपाली राहदानीबाहक नहुने भएकाले नेपाल आउँदा अन्य विदेशी नागरिक सरह नै भिसा लगाएर आउनुपर्ने विभागले जनाएको छ ।

गैरआवासीय परिचयपत्र भएका तर गैरआवासीय नागरिकता नलिएका व्यक्तिहरूले मात्र अध्यागमनमा छाप लगाएर नेपाल आउन पाउँछन्। तर, गैरआवासीय नेपाली नागरिकता लिएकाहरूले भिसा शुल्क पनि तिर्नुपर्छ ।

भिसा लगाएर आउने अधिकांश गैरआवासीय नेपालीहरू नाताका आधारमा दिइने प्रवेशाज्ञाका आधारमा नेपाल आउने गरेका छन्। अध्यागमन विभागका अनुसार यस्तो भिसा लिनका लागि प्रतिमहिना १० अमेरिकी डलर शुल्क तिर्नुपर्छ ।

तर, गैरआवासीय नेपाली परिचयपत्रका आधारमा नेपालको प्रवेशाज्ञाका लागि कुनै शुल्क नलाग्ने विभागले आफ्नो वेबसाइटमा उल्लेख गरेको छ । गैरआवासीय नेपाली संघका अध्यक्ष बद्री के. सी. यस्तो समस्या सम्बोधनका लागि गैरआवासीय नेपाली ऐन संशोधनका लागि आफूहरूले पहल गरिरहेको बताउँछन् ।

'संविधानमै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसहितको नागरिकता भनिएको छ । हामीले नागरिकता पायौं तर पुरानै कार्यविधि र नियमहरू संशोधन नहुँदा अधिकार पाएनौं', उनले भने ।

उनका अनुसार नागरिकता भएपछि भिसा लिनुपर्ने होइन, तर नेपाली राहदानी नभएका कारण भिसा लिनुपर्छ भनिएको छ । 'हामीले ऐनमा गैरआवासीय नेपाली नागरिकताका आधारमा नेपाली राहदानी पनि पाउने व्यवस्था प्रस्ताव गरेका छौं', के. सी.ले भने ।

गैरआवासीय नेपालीहरूले गैरआवासीय नागरिकताका आधारमा जग्गा पास गर्दा पनि समस्या भएको गुनासो गरिरहेको के. सी.ले बताए ।

नागरिकता अध्यादेशमा भएको संशोधनले गैरआवासीय नेपाली नागरिकताका सवालमा संविधानले परिकल्पना गरेको अधिकारलाई सम्बोधन नगरेको अध्यक्ष के. सी.को भनाइ छ ।

'संविधानको धारा १४ को मर्मअनुसार नेपाल आउँदा प्रवेशाज्ञा आवश्यक नपर्नेलगायत आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार आवासीय नेपाली सरह हुनेगरी कानुन संशोधन हुनेमा हामी विश्वस्त थियौं तर त्यसो भएको छैन', उनले भने ।

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा गैरआवासीय नेपालीका सम्बन्धमा अध्यादेशमा उल्लेखित विषयमा आफ्नो असहमति रहेको बताउँछन् ।

अध्यादेशमा गैरआवासीय नेपालीलाई १० वर्षसम्म निःशुल्क भिसा उपलब्ध गराउने व्यवस्था छ। अध्यादेशमा 'नेपालमा बसोबास गर्ने गैरआवासीय नेपाली नागरिकताप्राप्त व्यक्ति वा परिचयपत्रप्राप्त नेपाली मूलको विदेशी नागरिक वा निजको परिवारलाई १० वर्षसम्मको गैरआवासीय भिसा निःशुल्क उपलब्ध गराइने' उल्लेख गरिएको छ । गैरआवासीय नागरिकता प्रदान गरेर भिसा उपलब्ध गराउने विषय अनुचित हुने महामन्त्री शर्माको भनाइ छ । बिहीबार सभापति शेरबहादुर देउवा निवास बूढानीलकण्ठमा बसेको पार्टीका मन्त्रीसहितको बैठकमा शर्माले यसबारे प्रश्न उठाएका हुन् ।

'नागरिकता प्रदान गर्ने संविधानको व्यवस्थाअनुसार गैरआवासीय नेपालीले नागरिकता प्राप्त गर्ने हुँदा भिसा किन ?' भन्दै महामन्त्री शर्माले प्रश्न गरेका थिए।

'गैरआवासीय नेपालीले नागरिकताका लागि संविधानले व्यवस्था गरेको एउटा प्रकारअनुसारको नागरिकता लिने हुन् । नागरिकता प्राप्त गर्नेलाई किन भिसा दिनुपर्ने ?', शर्माले बैठकमा भने। गैरआवासीय नेपाली संघका उपाध्यक्ष हेमराज शर्माले गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेपछि पनि पुनः भिसा लिनुपर्ने व्यवस्था संविधानको मर्म र एनआरएनएको अपेक्षासँग मेल नखाने सामाजिक संजालमा लेखेका छन् ।

## वैदेशिक...

ठगी गर्ने गरिएको अनुसन्धानमा संलग्न प्रहरीको भनाइ छ ।

ठगी गर्नेहरूले प्रोसेसिङ भन्दै सुरुवातमै प्रतिव्यक्ति १ हजार डलर बराबरको रकम लिने र थप रकम नदिए पहिले दिएको रकम फिर्ता नहुने बताएर ट्र्यापमा पारेर रकम लिने गरेको प्रहरीले बताउने गरेको छ ।

वैदेशिक रोजगारीका नाममा शैक्षिक कन्सल्टेन्सी, ट्राभल्स एजेन्सीलगायतबाट निरन्तर ठगी भइरहेको वैदेशिक रोजगार व्यवसायी र प्रहरी दुवैको भनाइ छ। ठगीको घटना बढ्नुमा ह्वाट्सएप, इमो, म्यासेन्जर, टिकटक जस्ता सामाजिक संजालका अप्रमाणिक विज्ञापनका भरमा कहिल्यै चिनजान नभएको र दोस्रो पटक भेट हुने ग्यारेन्टीसमेत नभएका व्यक्तिलाई लाखौं रकम सुम्पने प्रवृत्ति देखिएको प्रहरीको भनाइ छ ।

प्रहरीले जनचेतनाको कमी र कतिपय अवस्थामा वैदेशिक रोजगारीमा जाने युवा-युवतीले अरूको सल्लाह र सुझाव नमान्ने प्रवृत्तिले पनि ठगी गर्नेहरूलाई मौका मिलिरहेको बताएको छ ।

## वैदेशिक रोजगारीले ...

गाडी चलाउँछन् । 'बंगुरपालन असफल भए गाडी चलाएर जिउन सकिन्छ तर हाल दुवै व्यवसाय सफल नै छन् । विदेश जान मन छैन । स्वदेशमै राम्रो गर्न सकियोस् भन्ने लागेको छ', गत वर्ष गाउँमा आमा बिरामी परेपछि दुवै जना स्वदेश फर्किएको लक्ष्मीले बताइन्।

'रागले आमा बित्नुभयो । त्यसपछि विदेश जाने मन भएन। गाउँमै स्वरोजगार बन्ने सोचले पशुपालन सुरु गरेका हौं', उनले भनिन्, 'पुर्खाले पनि बंगुर त पालेकै हुन् तर व्यावसायिक बन्न नसक्दा सधैं निर्वाहमुखी हुनुपर्‍यो । विदेशमा पैसा कमाएर शहरमा घर किन्नुभन्दा गाउँमै व्यवसाय गर्दा अरूलाई पनि प्रोत्साहन मिल्छ भन्ने लाग्छ ।'

स्थानीय तहमै उद्यम गर्न चाहनेलाई प्रोत्साहन तथा सहयोग गर्ने गाउँपालिकाका अध्यक्ष कुशबहादुर थेबेको भनाइ छ। पुजन र लक्ष्मीले सुरु गरेको बंगुरपालन कर्मले गाउँलाई व्यावसायिक बन्नुपर्छ भन्ने कुरामा प्रोत्साहन गरेको भन्दै गाउँपालिका अध्यक्ष थेबेले सकेसम्म आर्थिक तथा प्राविधिक सहयोग गर्ने बताए । 'पालिकाभित्र व्यवसाय संचालन गरी व्यवसायी र आत्मनिर्भर बन्न चाहेमा सहयोग गर्छौं', उनले भने ।

जिल्लामा पशु तथा पशुजन्य पदार्थको माग बढिरहेको अवस्थामा खाद्य सुरक्षा तथा पौष्टिक आहाराको सुनिश्चितताका लागि एकीकृत रूपमा पशुपालन व्यवसायको विकास अपिहार्य भएको गाउँपालिका उपाध्यक्ष प्रवीना राईले बताइन् ।

पाल्तु पशुमध्ये मासु उत्पादनका लागि बंगुरपालन व्यवसायबाट छोटो अवधिमा उच्चस्तरको मासु उत्पादन गर्न सकिने माईजोगमाईका पशु प्राविधिक प्रदीप गुरुङले जानकारी दिए । उनले भने, 'बंगुरपालन व्यवसायबाट अन्य पशुपक्षीको दाँजोमा मुनाफाको प्रतिफल सबैभन्दा बढी पाइएको छ । मासुको रूपमा बंगुरका प्रायः सबैजसो अंगको परिकार बनाएर खाइने गरेको छ। बंगुरको मासुबाट बनाइने विभिन्न परिकारमा ससेज, ब्याकन, ह्याम आदि बनाइने होटल व्यवसायी सोम सुनुवारले बताए ।

बंगुरको मासुमा उच्च श्रेणीको प्रोटिन, भिटामिन, खनिज, फ्याट र मेटाबोलिक इनर्जीको मात्रा धेरै भएकाले यो सन्तुलित आहारा भएको चिकित्सक सरोज दर्नालको भनाइ छ ।

## अर्को ...

सम्मानित नेता एवं एमालेका पूर्वअध्यक्ष झलनाथ खनाल २०४६ सालको आन्दोलनपछि बनेको अन्तरिम सरकारमा पहिलो पटक कृषि, भूमिसुधार तथा व्यवस्थामन्त्री हुँदा रावल उनका स्वकीय सचिव बनेका थिए । त्यसको २० वर्षपछि २०६६ सालमा बनेको माधवकुमार नेपाल नेतृत्वको सरकारमा रावल गृहमन्त्री बनेका थिए ।

अर्थात्, माथिल्लो तहमा रहेर नेपालको राजनीतिमा लामो समयदेखि रहेका रावल पुराना सम्बन्ध तोडेर नयाँ शक्ति निर्माणमा जुटेका हुन् । हाल माधव नेपाल अध्यक्ष रहेको एकीकृत समाजवादीले बोलाउँदासमेत उनी गएनन् । एमालेमा अध्यक्ष केपी शर्मा ओलीसँग चुनाव लडेपछि नै उनी एमालेभित्र किनारामा थिए । ओलीले पार्टीबाटै निकालेपछि रावल नयाँ सम्बन्धसहितको राजनीतिक शक्ति निर्माणमा जुटेका हुन् । एमालेमा छँदा भीम रावलको छवि नेतृत्व वरिपरि रहन रुचाउने नेताका रूपमा थियो । अब नयाँ शक्ति बनाएर आफैं नेतृत्वमा आउँदै छन् उनी ।

राजनीतिशास्त्रका 'गोल्ड मेडलिस्ट', अंग्रेजी र नेपाली भाषामा उत्तिकै पकड भएकाले उनी एमालेका दस्तावेज तयार पार्ने जिम्मेवारीमा ज्यादा हुन्थे । यस कारण पनि उनी लामो समयसम्म पार्टी सत्तासँग निकट हुँदै आएका हुन् ।

कूटनीतिक भेटघाट र वार्ताको सहजीकरणमा पनि उनी रहन्थे । कूटनीतिक भेटघाट, दलीय संयन्त्रहरूको बैठक, राजनीतिक दलहरूबीचको वार्तामा तथ्य, तथ्यांकसहित प्रस्तुत हुने आफ्नो तर्कमा सहमत गराउन सक्ने क्षमता भएका कारणले पनि उनी नेतृत्वका वरिपरि रहन्थे । तर, एमालेमा पार्टी उपाध्यक्षसम्म भएर पनि नेतृत्वमा पुग्न सकेनन् ।

एमालेमा रहँदा माधवकुमार नेपालसँग निकट रहेर काम गरेका रावल २०७१ सालको नवौं महाधिवेशनपछि केपी शर्मा ओलीसँग निकट बन्न पुगे । दशौं महाधिवेशनमा ओलीसँगै चुनाव लडेपछि अन्ततः एमालेबाटै निकालिन पुगे । अब नयाँ सम्बन्ध बनाएर नयाँ शक्ति बनाएर अगाडि बढ्ने रावलको निचोड छ । यही निचोडका साथ उनले अलग्गै पार्टी निर्माण प्रक्रिया सुरु गरेका हुन् ।


## कतारमा रोजगार

कम्पनी: SAURAV PROJECTS AND SERVICES
शहर: Qatar
पूर्व स्वीकृत मिति: २०८१/१०/०३
चलानी नं.: ६०२३१३९३
LT. No.: 317211

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Plumbers | 1 | 0 | स. काममा दक्ष | 1200 | ४५,३९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Worker | 3 | 0 | | 1200 | ४५,३९६ | | | | | | | |
| 3. | Carpenter | 4 | 0 | | 1200 | ४५,३९६ | | | | | | | |
| 4. | General Pipe Welder | 2 | 0 | | 1200 | ४५,३९६ | | | | | | | |
| 5. | Helper | 1 | 0 | | 1000 | ३७,८३० | | | | | | | |
| 6. | Masion | 1 | 0 | | 1200 | ४५,३९६ | | | | | | | |
| 7. | Painter | 2 | 0 | | 1200 | ४५,३९६ | | | | | | | |
| 8. | Pipefitter | 2 | 0 | | 1200 | ४५,३९६ | | | | | | | |
| 9. | Plumber | 2 | 0 | | 1200 | ४५,३९६ | | | | | | | |
| 10. | Tile Maker | 2 | 0 | | 1200 | ४५,३९६ | | | | | | | |
| 11. | Welder | 2 | 0 | | 1200 | ४५,३९६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ माघ ११ गते (24 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Triveni Hr Solution Pvt. Ltd.**
Govt. Lic. No. 1174/073/074
Samakhusi, Kathmandu, Tel.: 01-4987601, 01-4987608,01-4989258
Mobile: 9847259822, 9818618887, 9861133194, 9851007872, 9818465637
Email: triveni.overseas341@gmail.com, info@trivenihr.com


## बेथानचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**ढुंखर्क, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

### आन्तरिक आय संकलन सम्बन्धि शिलबन्दि बोलपत्र आव्हानको सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति २०८१/१०/०४**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ उपदफा २ (घ) ६, दफा ६२ क, बागमती प्रदेश सरकारको आर्थिक ऐन २०८० को अनुसूची ५ मा तोकिएको दररेट बमोजिम यस गाउँ कार्यपालिकाबाट आ.व. २०८१/०८२ (२०८१ फागुन १९ गते देखि २०८२ आषाढ मसान्त सम्मको) लागि देहाय बमोजिमको आन्तरिक आय सम्वन्धी ठेक्का E-Bidding मार्फत बन्दोवस्त गर्नु पर्ने भएकाले गाउँपालिकाले तोकिएको दर रेटमा स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित क्षेत्रहरुबाट स्विकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी ढुंगा, ग्रावेल विक्रि एवं श्रोत उपयोग कर संकलनको ठेक्का लिन ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र Electronic Bid Submission मार्फत शिलबन्दी बोलपत्र आह्वानको लागि सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका शिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

| क्र. सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | तोकिएको अवधिको लागि कायम न्यूनतम अंक (मू.अ.कर सहित) | बोलपत्र फाराम दस्तुर | धरौटी/जमानत रकम | स्वीकृत दर रेट: माल बस्तुको नाम | स्वीकृत दर रेट: इकाई | स्वीकृत दर रेट: करको दर रु (मु.अ.कर.बाहेक) |
|---|---|---|---|---|---|---|---|---|
| १ | BRM/IR/02/081/82 | बेथानचोक गाउँपालिका क्षेत्र भित्रका नदीजन्य (ढुंगा, ग्राभेल लगायत नदी जन्य सामाग्री) को बिक्रि/श्रोत उपयोग शुल्क | ५,६५,७१,४३६.०० | ५,०००.०० | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | ढुंगा, ग्राभेल, बेस लगायत अन्य सोहि प्रकृतीका सामान | प्रति घन फिट | रु ९।०० |

**ठेक्का सम्वन्धि शर्तहरु :**

१. माथि उल्लेखित विषयको लागि बोलपत्र फाराम भरि Electronic Bid Submission मार्फत बुझाउनु पर्नेछ ।

२. बोलपत्र फाराम खरिदको लागि अद्यावधिक फर्म दर्ता एवं अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपी, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, बेथानचोक गाउँपालिकाको नाममा ग्लोबल आइएमई बैंक बेथानचोक शाखाको आन्तरिक राजश्व खाता नं. **१२२०४०१००००००५**, राजश्व **शीर्षक नं. १४२२९** मा रकम जम्मा गरेको भौचर संलग्न गरि PPMO को बेवसाईट www.bolpatra.gov.np/egp बाट Bid Document खरिद गरि मिति २०८१/११/०४ गते दिनको १२:०० बजे सम्म E-bidding मार्फत पेश गर्न सकिनेछ ।

३. खरिद गरिएका बोलपत्र फाराम रितपूर्वक भरी मिति : २०८१/११/०४ को १२:०० बजे भित्र PPMO को बेवसाईट www.bolpatra.gov.np/egp बाट Bid Document खरिद गरि मिति २०८१/११/०४ गते दिनको १२:०० बजे सम्म E-bidding मार्फत दर्ता गर्नु पर्नेछ । दर्ता हुन आएका बोलपत्रहरु मिति २०८१/११/०४ गते दिनको १:०० बजे पछि यस कार्यालयमा उपस्थित बोलपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधीहरु र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि बेलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

४. बोलपत्र पेश गर्दा आफूले कबोल गरेको मु.अ.कर सहितको रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको **ग्लोवल आई एम.ई बैक, ढुंखर्क शाखा, काभ्रेपलाञ्चोकमा** रहेको धरौटी खाता नं. **१२२०१०१००००००२०** मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कलै बैंक जमानी पत्र (Bank Bid Bond) अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

५. बोलपत्र भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

६. बोलपत्र स्वीकृत सम्वन्धी जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कबोल अंकको २५ प्रतिशत रकम (मु.अ.कर समेत) रकम बैक दाखिला गरि तथा बाँकी रकमको कार्य सम्पादन जमानतपत्र सहित सम्झौता गर्न आउनु पर्नेछ ।

७. ठेकेदारले सम्झौतामा तोकिएको विषय क्षेत्रमा बोलपत्र फाराम साथ संलग्न दर रेट बमोजिम मात्र कर तथा सेवा शुल्क असुल गर्न पाउनेछ । कर तथा सेवा शुल्कको दररेट बोलपत्र फाराम साथ उपलब्ध गराईनेछ । साथै रकम संकलन केन्द्रमा शुल्क तथा दस्तुरको दर रेट सहितको सूचनाको साईनबोर्ड राख्नु पर्नेछ ।

८. यस सूचनामा उल्लेख भए बमोजिम नेपाल सरकार/दातृ निकायद्वारा सञ्चालन हुने विकास आयोजनाहरुको लागी प्रयोग हुने निर्माणजन्य सामाग्रीको विक्रीको हकमा सम्बन्धित आयोजना (स्वीकृत IEE को परिधि भित्र रही) ले प्रयोग गरेको परिमाणको आधारमा बेथानचोक गाउँपालिकाले सम्बन्धित आयोजनाबाट विक्रि मूल्य असुल गर्नेछ ।

९. तोकिएको अवधि भित्र किस्ता रकम प्राप्त हुन नआएमा सम्झौता गर्दा कार्यालयको नाममा जारी भएको बैंक कार्यसम्पादन जमानतबाट सम्झौता बमोजिमको रकम असुल उपर गरिनेछ । सो सम्बन्धमा ठेक्का लिने पक्षको कुनै उजुर बाजुर लाग्ने छैन ।

१०. ठेकेदार र कार्यालय बीचमा ठेक्का सम्वन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न बेथानचोक गाउँपालिकाले निर्णय गर्नेछ ।

११. सेवा शुल्क तथा कर उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ । त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन । साथै, प्रचलित कानून बमोजिम तिर्नुपर्ने सम्पूर्ण करहरु ठेकेदार स्वयंले बुझाउनु पर्नेछ । मुल्य अभिबृद्धि कर बापतको रकम किस्ता रकम संगै यस कार्यालयमा बुझाउनु पर्नेछ ।

१२. अनुगमन समितिले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।

१३. जुन आर्थिक वर्षको लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र उक्त ठेकेदारले संकलन गरेका ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, माटो सो क्षेत्रबाट उठाई सक्नु पर्नेछ ।

१४. ढुंगा, गिट्टी, बालुवा ग्राभेल लैजाँदा Covering (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ ।

१५. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१६. नेपाल सरकारबाट जारी ढुंगा गिट्टी तथा बालुवा उत्खनन तथा विक्री व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ मा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नु गराउनु पर्नेछ ।

१७. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# आफ्नो देश आफैं बनाउनुपर्छ : प्रधानमन्त्री

**पोखरा/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले शिक्षा र स्वास्थ्य क्षेत्रलाई उन्नत बनाउन सरकार प्रयासरत रहेको बताएका छन् ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रथम दीक्षान्त समारोहलाई सम्बोधन गर्दै कुलपति ओलीले देशमा अनेक क्षेत्रमा परिवर्तन र प्रगति हासिल हुँदै गएकाले ऋषिमुनीले भन्दै आएको 'सर्वे भवन्तु सुखिनः'को आधुनिक रूप 'समृद्ध नेपाल, सुखी नेपाली'को गन्तव्यलाई ध्यानमा राखेर आफूले काम गरिरहेको स्पष्ट गरे ।

उनले व्यवस्था परिवर्तन भयो, अवस्था परिवर्तन भएन भन्नेलाई प्रतिष्ठानको स्थापना र पोखरामै रहेर जनशक्ति उत्पादन हुनु एक दृष्टान्त भएकाले पोखरामा १४ जना बिरामीको मिर्गौला प्रत्यारोपण हुनु विशेष उपलब्धिको विषय भएको जनाए । प्रधानमन्त्री ओलीले यस भूभाग विश्वकै लागि ज्ञान र खोजको भूमि भएकाले आधुनिक चिकित्सा सुरु हुनु अगावै वेद-विज्ञान र प्राचीन चिकित्सा आरम्भ भएको गौरवशाली इतिहास रहेको स्मरण गराए ।




'हामी उठ्न नसक्ने कुनै कारण छैन । हामी सूचना प्रविधि र आर्टिफिसियल इन्टेलिजेन्सको सदुपयोग गर्दै विकासमा अगाडि बढ्नेछौं,' प्रधानमन्त्री ओलीले भने, 'चीनले त्यत्रो जनसंख्यालाई छोटो समयमा गरिबीको रेखामुनिबाट उठायो । हामीले पनि हाम्रो देश आफैं बनाउन लाग्नुपर्छ । लागेपछि नेपाल बन्छ ।'

प्रधानमन्त्री ओलीले दीक्षित विद्यार्थीलाई दृष्टान्तयोग्य, इमानदार, आदर्शवान् र समाजका लागि उपयोगी हुन सक्नुहोस् भन्ने शुभकामना दिँदै विद्यार्थी र अभिभावकको आर्थिक लगानी, स्नेह र समयको लगानीको प्रतिफल प्राप्त भएको बताए ।

२०८० र २०८१ मा प्रतिष्ठानबाट एमडी र एमएसमा उत्तीर्ण ३८ विद्यार्थी दीक्षित भएका छन् । कुलपति ओलीले उत्कृष्ट विद्यार्थी अरविनदकुमार शाह (अर्थोपेडिक्स) र आषिश सापकोटा (जनरल सर्जरी)लाई उपकुलपति पदक वितरण गरे । प्रतिष्ठानका उपकुलपति प्राडा डुकबहादुर क्षेत्रीले सेवा विस्तारका क्रममा अस्पताललाई ५० शैयाको आकस्मिक विभाग सञ्चालनको तयारी भएको जानकारी दिए ।

### स्वास्थ्य विज्ञान प्रतिष्ठानको भवन उद्घाटन

प्रधानमन्त्री केपी शर्मा ओलीले कास्कीस्थित पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राज्ञिक तथा आकस्मिक भवनको उद्घाटन गरेका छन् ।

प्रतिष्ठानको प्रथम दीक्षान्त समारोहका क्रममा उनले भवनको उद्घाट गरे । प्रधानमन्त्री ओलीले १७ करोड रुपैयाँ लागतमा बनेका भवनको उद्घाटन गरेका हुन् । उद्धघाटनपछि प्रधानमन्त्री ओलीले नवनिर्मित भवनको निरीक्षणसमेत गरे ।

# 'जैविक विविधताको संरक्षण गर्न आवश्यक'



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३ माघ

लुम्बिनी प्रदेश सभा सांसद रामजी प्रसाद घिमिरेले जैविक विविधताको संरक्षण विना मानव जीवन सुखी र स्वास्थ नहुने बताएका छन् ।

हाम्रो परम्परागत रैथाने बाली,जडिबुटी, पशुपन्छी, जलीय जीव, परम्परागत परिकार, बनस्पति हराउँदै गएकोले यसको संरक्षण सम्बर्द्धन गर्नु अहिलेको पहिलो काम भएकोले सोही अनुसार काम गर्न उनले आग्रह गरे ।

नेपाल कृषि अनुसन्धान परिषद, राष्ट्रिय कृषि अनुवंशिक स्रोत केन्द्र (जिन बैंक) खुमलटार ललितपुरको आयोजनामा अर्घाखाँचीको भूमिकास्थान नगरपालिका ९ ढिकुरा गैरागोठमा तेस्रो राष्ट्रिय कृषि जैविक विविधता दिवसको उपलक्ष्यमा आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै घिमिरेले हाम्रा जडिबुटीहरू, खाद्य पदार्थहरूलाई विदेशिहरूले आफ्नो उत्पादन भनेर दर्ता गरी स्वामित्व खोस्ने काम भएको बताए ।

उनले भने, 'यो राज्यको चिन्ताको विषय भएको छ । अब रैथाने सम्पत्ति, जैविक विविधधताको संरक्षण सम्बर्द्धन गरी नेपालीपन जोगाउँदै स्वस्थ्य र सुखी हुने मार्गमा उन्मुख हुन जरूरी छ ।'

कार्यक्रमको विषयमा प्रकाश पार्दै नेपाल कृषि अनुवंशिक स्रोत केन्द्र राष्ट्रिय जीन बैंक (नार्क) प्रमुख डा.बाल कृष्ण जोशीले रैथाने अनुबंशिक श्रोत भनेको जीवन भएको बताउँदै कृषि नीति अनुरूप प्राकृतिक संरक्षण,सम्बर्द्धन र सदुपयोग गर्दै जैविक विविधता जोगाउन सकेमात्र मानव जीवन रहने बताए ।

उनले औषधी, अनाजबाट १५ किसिमका गम्भीर रोग समेत निको पार्न सकिने भएकोले अब कृषि हस्पिटल र कृषि क्लिनिक समेत खोल्न सरकारसँग छलफल अगाडि बढेको बताए ।

कार्यक्रममा आयुर्वेद विज्ञ जडिबुटी संरक्षक धर्मराज पौडेलले २०१४ मा नेपालको जडिबुटी र परम्परागत चिकित्सामा भारतको हक लाग्ने भनि सम्झौता भएको र त्यसकोविरूद्धमा अदालतमा मुद्दा दर्ता गरेको र त्यसको सुनुवाइ अहिलेसम्म नभएको बताए ।

रैथाने बाली त्यस्ता जातसँगै पशुपन्छी, जीवजन्तु, जडिबुटी, रैथाने खाना लगायतका विषयमा संरक्षण, सम्बर्द्धन र अनुसन्धान गर्ने उद्देश्यले राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र(जिन बैंक) स्थापना भएको डा.मुकुन्द भट्टराईले बताए।

# सुर्नयामा ११ वर्षपछि 'मोटरेबल' पुल



**ललित बोहरा/मध्यान्ह**
बैतडी, ३ माघ

बैतडी पाटन-लोर्खा-सकार-कैलपाल सडकखण्डको सुर्नया गाडमा निर्माणाधिन 'मोटरेबल' पुल अन्तिम चरणमा पुगेको छ । पाटन नगरपालिका-६ मा पर्ने लोर्खा-सकार-कैलपाल सडकमा निमार्ण सुरु भएको करिब ११ वर्षपछि पुलको दुवैतर्फ ढलान सम्पन्न भएको हो । स्टमेट अनुसार पुलको दुवैतर्फ ग्याविन वाल लगाउने काम बाँकी छ ।

आर्थिक वर्ष २०७१ भदौ १५ बाट निर्माण कार्य सुरु गरेर तीन वर्षभित्र निर्माण सम्पन्नको लक्ष्य राखिएको सो पुलको निर्माण कार्यले अहिले पूर्णता पाउन लागेको हो । २०७१ भदौ १५ गते पुल निर्माणका लागि सम्झौता भएपनि ३२ महिना मोटरेबल पुल बन्ने ठाउँमा जाने बाटोको विवाद, एक वर्ष संघ र प्रदेशमध्ये कसले हेर्ने भन्ने अन्योलता लगायतका मुआम्बजा विवादहरुले पुल निर्माणमा ढिलाइ भएको निर्माण कम्पनीको दाबी छ।

अहिले पुलको दुवैतर्फ ढलान कार्य सम्पन्न गरेको छ भने पुल पूर्णरुपमा सुचारु गर्न केही समय लाग्ने सडक डिभिजन कार्यालय पाटन बैतडीका प्रमुख लक्ष्मणदत्त जोशीले बताए । उनले भने, 'आवश्यक पर्ने बजेट जहाँबाट पनि व्यवस्था गरेर यो पुल सञ्चालन जसरी भएपनि गर्छौं ।'

'पुलमा पुग्ने सडक र नदी नियन्त्रणको मात्र काम बाँकी छ' सडक डिभिजन कार्यालय बैतडीका सूचना अधिकारी एवं इन्जिनियर लिलाधर भट्टले भने, 'निर्माण व्यवसायीले छिटो काम गरिदिए एक महिना पनि लाग्दैन। त्यसपछि सञ्चालनका लागि ढिला हुन्न पहल गरिरहेकै छौं। केही रकम भुक्तानी गरेपनि काम सकिन्छ ।'

अब निर्माणको १० प्रतिशत मात्र काम बाँकी रहेको निर्माण कम्पनीका प्रतिनिधि मदन बिष्टले बताए । उनले भने, 'एक ग्याविन वाल लगाउन मात्र हो, बाँकी अरु स्टमेटमा छैन् । थप काम गर्नुपर्ने हो, तर पत्र आएको छैन पत्र आएपछि सबै कामसँगै सकिन्छ ।'

उनले अन्य ठेक्काहरुमा पैसा नभएर देशव्यापी आन्दोलनमा रहेको बताए। पुल नहुँदा वर्षातको मौसममा पाटन नगरपालिका तथा स्थानीय बजारमा आवाज जावत गर्न र खाद्यन्नका सामान ढुवानीका लागि घन्टौं पैदल हिँड्नुपर्ने बाध्यता रहेको छ। सडक सञ्जाल विस्तार भएपनि पुल नभएकै कारण वर्षातको समयमा गाडी चढ्न स्थानीयले पाएका थिएनन् ।

पाटनको सदरमुकाम मैतडबजारदेखि वडा नम्बरको सकार र वडा नम्बर ७ कैलपालसम्म सडक सञ्जाल विस्तार भएको छ । २ करोड ९३ लाख ६७ हजार ८ सय ५५ रुपैयाँको लागतमा निमार्ण सम्पन्न भइरहेको हो। सुर्नया नदीमा मोटेरेबल पुल समयमा निर्माण नहुँदा नदीमा अस्थायी बाटो बनाउन वर्षेनी लाखौं रकम खर्च भइरहेको भएको थियो । चालु आर्थिक वर्षमा पनि नदीमाथि अस्थायी बाटो निमार्ण गरेर गाडी सञ्चालनमा छन्, तर वर्षातको मौसमा त्यो बाटो नदीले बगाउने गरेको छ ।

# अविवाहित महिलालाई प्रोत्साहन भत्ता



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
प्यूठान, ३ माघ

प्यूठानको झिमरुक गाउँपालिकाले संघीय मापदण्डमा नपरेका गाउँपालिकाभित्र रहेका महिलालाई पनि सेवाग्राहीको दायरामा ल्याइ विशेष सामाजिक सुरक्षा भत्ता दिने भएको छ ।

गाउँपालिकाले यस योजनाअन्तर्गत ४५ वर्ष उमेर पुगेका अविवाहित महिला, सम्बन्धविच्छेद भएका महिला र पति बेपत्ता भएको १२ वर्ष पूरा भएका महिलालाई लाभग्राहीका रुपमा समेटेको छ ।

'संघीय सरकारले अविवाहित र सम्बन्ध विच्छेद भएका महिलालाई ६० वर्ष पुगेपछि मात्रै सामाजिक सुरक्षा भत्ता पाउन योग्य मानेको बेला झिमरुकले नयाँ काम सुरु गरेको छ। यस्तै लामो अवधिसम्म पति बेपत्ता भएका महिलाको हकमा केही व्यवस्था छैन' गाउँपालिकाका अध्यक्ष पितबहादुर महत्रा क्षेत्रीले भने, 'हामीले संघीय सरकारको मापदण्डमा नपरको महिलालाई समेत सामाजिक सुरक्षाको दायरामा ल्याएर लाभग्राही सूचीमा राख्ने भएका छौं । यस योजनाबाट उनीहरूलाई लोक कल्याणकारी स्थानीय सरकारको अनुभूति हुनेछ ।'

गाउँसभाबाट नीतिगत निर्णय भएको विशेष सामाजिक सुरक्षा योजना कार्यान्वयनका लागि गाउँपालिकाले कार्यविधि बनाइसकेको छ । गाउँसभा सदस्यहरुले समेत कार्यक्रमलाई अत्यन्तै उत्कृष्ट कार्यक्रम रुपमा लिएको अध्यक्ष महत्राले बताए।

कार्यविधिले संघीय सरकारको सामाजिक सुरक्षा योजनामा समेटिने अवधि ६० वर्ष नपुगुन्जेल सम्मका लागि ३५ वर्ष पूरा भएका अविवाहित महिला र सम्बन्धविच्छेद भएका महिलालाई विशेष योजनाको लाभग्राही मान्दै सो उमेरमा पुगेपछि स्वतःसंघीय योजनामा सहभागी हुने भनेको छ। पति बेपत्ता भएको महिला लाभग्राहीहरुका हकमा न्यूनतम उमेर तोकिएको छैन । तर, पति बेपत्ता भएको १५ वर्ष पूरा हुनुपर्ने सर्त राखिएको थियो । यस कार्यक्रममा सहभागी हुन झिमरुक गाउँपालिकाको स्थायी बसोबास भएका एकल महिलाले निवेदन दिन सक्ने व्यवस्था मिलाइएको छ । कार्यक्रमले लाभग्राही हुन योग्य एकल महिलाले निवेदन दिएपछिको दोस्रो चौमासिकदेखि भत्ता पाउने व्यवस्था मिलाइएकाले माग १ गतेबाट कार्यक्रम लागू भएको छ ।

'हामीले प्रत्येक वडामा तीन किसिमकै एकल महिला १० देखि १५ जनासम्म हुनसक्ने अनुमानले चालू आर्थिक वर्ष २०८१/०८२ मा बजेट छुटाएका छौं । कार्यक्रमबाट १ सय ५० भन्दा बढी संख्यामा लाभग्राही पुग्ने हिसाबले बजेट छुट्याएका छौं' गाउँपालिकाका उपाध्यक्ष प्रमोद पोखेलले बताए । सो भत्ताबापतको रकम कार्यालयबाट नै वितरण हुनेछ । पोखेलका अनुसार हाललाई एकल महिलालाई मासिक एक हजार रुपैयाँ भत्ता उपलब्ध गराउने गरी चालू आर्थिक वर्षको बजेटमै रकम विनियोजन गरिसकिएको छ । फेरि थप गर्ने तयारी गरिएको छ । गाउँपालिकाको अधिकार तल्लो तहसम्म लैजाने नीति अनुसार वडा कार्यालयले स्वीकृत गरेका लाभग्राहीलाई नै भत्ता दिने कार्यविधिमा व्यवस्था छ । गाउँपालिकाका अनुसार निवेदक स्वंयले नेपाल सरकार वा मान्यताप्राप्त संघसंस्थाबाट तलब, भत्ता र पेन्सन या अन्य प्रकारका मासिक सुविधा पाइरहेको भए भत्ता उपलब्ध नगराउने कार्यविधिमा उल्लेख छ । यस तथ्यको 'भेरिफाइ' र अनुमगन वडाले नै गर्ने भएकाले वडालाई जिम्मेवार बनाइएको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णबहादुर थापाले भने,'हामीले प्राकृतिक वा गैरप्राकृतिक प्रकोपहरूबाट पर्ने प्रतिकूल प्रभावको अल्पीकरण, पूर्वतयारी तथा प्रभावकारी प्रतिकार्यका लागि विपद् जोखिम व्यवस्थापनको नमुना कार्यक्रम लागू गरिसकेका छौं। स्थानीय कानूनमै विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई समेटेर थप काम अघि बढाउन खोजेका छौं ।'

# 'कृष्णनगरको विकास र व्यवस्थापनका लागि सहकार्य आवश्यक'

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ३ पुस

उद्योग वाणिज्य संघ कृष्णनगरको पुस १९ गते सम्पन्न निर्वाचनबाट नवनिर्वाचित पदाधिकारीहरूको सपथ ग्रहण समारोह सम्पन्न भएको छ ।




नवनिर्वाचित अध्यक्षा रितेश शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा लुम्बिनी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री भूमेश्वर ढकाल प्रमुख अतिथि थिए । कार्यक्रममा लुम्बिनी प्रदेश प्रहरी प्रमुख नायब महानिरीक्षक दानबहादुर कार्की, कपिलवस्तु जिल्ला अधिकारी विश्व प्रकाश अर्याल, प्रतिनिधि सभा सदस्य सेराज फारुकी, उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य जम्शेर अली मियाँ, पूर्वसांसद अभिषेक प्रताप शाह, प्रदेशसभा सदस्य एवं पूर्वमन्त्री अर्जुन केसी र प्रदेश सभा सदस्य तथा पूर्वमन्त्री जानकी प्रसाद यादव लगायतको उपस्थित रहेको थियो ।

नवनिर्वाचित अध्यक्षा रितेश शर्माले संघको हकहित र व्यवसायिक विकासका लागि समर्पित भएर कार्य गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा व्यापारीहरुको दुर्घटना बीमा योजना लागू गर्ने, कार्यालय सञ्चालन खर्चको लागि रकम व्यवस्थापन गर्दै बाँकी रकम बैंकमा स्थायी निक्षेपमा राख्ने र नयाँ सदस्यहरूको मनोनयन गर्ने, सल्लाहकार समिति र प्रेस सल्लाहकारमा अंकुश श्रीवास्तवलाई मनोनयन गर्ने निर्णय भएको वरिष्ठ उपाध्यक्ष नसरुल्ला खानले जानकारी दिए ।

कार्यक्रममा प्रमुख अतिथि मन्त्री ढकालले नवनिर्वाचित कार्यसमितिलाई बधाई दिँदै कृष्णानगर बजारको आधुनिक विकास र व्यवस्थापनका लागि सबै पक्षहरूको सहकार्य आवश्यक रहेको बताए ।

साथै, संघ र प्रदेश सरकारबीच सहकार्य गरी कृष्णानगरको समग्र विकासमा योगदान दिन आफू प्रतिबद्ध रहेको उनले बताए । नवनिर्वाचित अध्यक्ष शर्माले पूर्व अध्यक्षहरूको नीति र सिद्धान्तलाई आत्मसात गर्दै व्यापारीहरूको हितका लागि निरन्तर क्रियाशील रहने प्रतिबद्धता जनाए। सपथ ग्रहण समारोहले उद्योग वाणिज्य संघको नयाँ नेतृत्वलाई उत्साह प्रदान गर्दै आगामी दिनमा व्यवसायिक क्षेत्रको समृद्धिका लागि नयाँ आयाम खोल्ने अपेक्षा गरिएको छ ।

# १ वर्षभित्र सत प्रतिशत नागरिकसम्म खानेपानी पुग्ने दाबी

**ललितपुर/मस-** खानेपानी मन्त्री प्रदीप यादवले ९८ प्रतिशत नेपाली नागरिकलाई आधारभूत खानेपानीको पहुँच पुगेको दाबी गरेका छन् ।

मन्त्री यादवले आगामी एक वर्षभित्र शतप्रतिशत नागरिकलाई सेवा उपलब्ध गराउने घोषणा गरेका छन् ।

बिहीबार ललितपुरमा आयोजित 'भूकम्प र विपद् जोखिम व्यवस्थापन' सम्बन्धी कार्यशाला गोष्ठीलाई सम्बोधन गर्दै मन्त्री यादवले आधारभूत खानेपानीका क्षेत्रमा सरकार प्रभावकारी रुपमा काम गरिरहेको बताएका हुन् ।

उनले हाल २७ प्रतिशत नागरिकले मात्र शुद्ध खानेपानी पिउन पाएको उल्लेख गर्दै यो संख्या आगामी एक वर्षभित्र ५७ प्रतिशत पुऱ्याउने अठोट व्यक्त गरे।

उनले भने, 'खानेपानीको क्षेत्रमा कामलाई प्रभावकारी बनाउँदै अघि बढिरहेका छौं । अघिल्लो सरकारले के गऱ्यो त्यो फरक विषय हो, अबको काम परिणाममुखी हुनेछ । अहिले पनि २ प्रतिशत जनतामा आधारभूत खानेपानी पुऱ्याउन बाँकी छ ।

**इटहरी उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**इटहरी, सुनसरी**

**हकदावी सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८१/१०/०४**

यस कार्यालयमा दर्ता भएको श्री **सनसाईन एकेडेमी**को नाम परिवर्तनका लागि यस कार्यालयमा निवेदन पेश भए अनुसार उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८१/१०/०४**

**फन हेटौडा बेकरी एण्ड क्याफे प्रा.लि.** को २०८१/०८/३० गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **फन हेटौडा बेकरी एण्ड क्याफे प्रा.लि.** (प्रा.लि. नं. ३०३०६९) कायम गर्ने गरी मिति २०८१/०९/२२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कतारमा रोजगार** | कम्पनीः EVERSENDAI ENGINEERING QATAR WLL शहरः Qatar
पूर्व स्वीकृत मितिः २०८१/१०/०३ चलानी नं.: ६०२३१३९० LT. No.: 317209

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३७,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ माघ ११ गते (24 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (सगुन होम)**
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिकास्थान-३२, फोन : ०१-४५१७५३०, ०१-४५४०१४६, ०१-४५१८५३२
E-mail: sagunoverseas@gmail.com | sagunkathmandu@gmail.com, Phone No : 9851113226

**यूएई र कतारमा रोजगार**
कम्पनी : Mohammed Abdulmohsin Al-kharafi & Sons L.L.C शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/१०/०३ चलानी नं.: ६०२३१३९२ LT. No.: 317225

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 200 | 0 | स. काममा दक्ष | 900 | ३३,७८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Trading and Agency Services Limited Company शहरः Qatar
पूर्व स्वीकृत मितिः २०८१/१०/०३ चलानी नं.: ६०२३१३९४ LT. No.: 317100

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 292 | 0 | स. काममा दक्ष | 1000 | ३७,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ माघ ११ गते (24 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SAAN NEPAL PVT.LTD.**
Saan Nepal (A manpower consultant)
Gov. Lic. No. 734/064/065
Battisputali-9, Kathmandu, Tel.: 01-4584977, 4585077.
Email: managersaan@gmail.com | Website: www.saannepal.com.np

# सामाजिक संजालबाट चरित्रहत्या गर्ने २ पक्राउ

**काठमाडौं/मस-** सामाजिक सञ्जालको दुरूपयोग गरी चरित्रहत्या गरेको अभियोगमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा रामेछाप खाँडादेवी गाउँपालिका-८ धुले बेसीघर भइ काठमाडौं महानगरपालिका-१३ बस्ने १९ वर्षीय श्रीकृष्ण कार्की र भोजपुर षडानन्द नगरपालिका-५ घर भई काठमाडौं महानगरपालिका-६ बौद्ध नयाँ बस्ती बस्ने ३१ वर्षीय सरोज कटुवाल छन् ।

उनीहरूले प्रेम सम्बन्ध भएको समयमा खिचिएका तस्बिर तथा भिडियोहरू सम्बन्ध बिग्रिए पश्चात् पीडितका आफन्त तथा साथीहरूलाई फेसबुकको म्यासेन्जरमा पठाई चरित्र हत्या गरेको अभियोगमा साइबर ब्यूरोबाट खटिएको प्रहरीले श्रीकृष्णलाई आइतबार र सरोजलाई सोमबार पक्राउ गरेको हो। उनीहरू उपर विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा जिल्ला अदालत काठमाडौंबाट म्याद थप अनुमति लिई प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# इलाका प्रहरी कार्यालय वनजहराको भवन जीर्ण



**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ३ माघ

रौतहटको इसनाथ नगरपालिका वडा नम्बर १ मा रहेको ईलाका प्रहरी कार्यालय वनजहरा भवन जीर्ण बनेको छ । भवन जीर्ण हुँदा दैनिक कार्यक्षमता र सेवा प्रवाहमा समेत प्रत्यक्ष प्रभाव पारेको छ।

वनजहरा प्रहरी कार्यालय प्रत्येक वर्षको बाढीले चपेटामा पर्दै आएको छ। पुनः निर्माणको लागि सरकारले बजेट विनियोजन नगर्दा हालसम्म पनि भवन बन्न सकेको छैन ।

प्रहरी कार्यालयजस्तो महत्वपूर्ण संस्था सुरक्षित र व्यवस्थित भवनबाट सञ्चालन हुनुपर्ने स्थानीय बताउँछन् । भवन निर्माणका लागि स्थानीय निकाय, प्रदेश सरकार र संघीय सरकारले समन्वय गर्न आवश्यक रहेको स्थानीयको भनाइ छ । बजेट विनियोजन र शीघ्र निर्माण कार्य सुरू गर्न समेत स्थानीयले माग गरेका छन् ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
४ माघ २०८१ शुक्रबार
17 January 2025, Friday

## सम्पादकीय

# अपरिपक्व अभिव्यक्ति

सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेका महासचिव शंकर पोखरेलले सामाजिक संजालमार्फत न्यायिक आदेशप्रति गम्भीर असन्तोष प्रकट गरेका छन् । महासचिव पोखरेलले राजनीतिक मामलामा देखिएको न्यायिक सक्रियता र कार्यकारीको भूमिकालाई अंकुश लगाउने अदालती फैसलाले लोकतन्त्रको सुदृढीकरणमै संकट आउन सक्ने संकेत गरेका छन् । राजनीतिक मामिलामा न्यायिक सक्रियतालाई उनले पाकिस्तानमा सेनाका जर्नेलहरूमा देखिने राजनीतिक महत्त्वाकांक्षासँग तुलना गरेका छन् । स्टाटसमा प्रयोग भाषा पढ्दा उनमा अदालतको निर्णयप्रति गम्भीर असहमति रहेको बुझ्न सकिन्छ । पोखरेल सरकारकै नेतृत्व गरिरहेको दलका महासचिव भएकाले यो स्टाटस अर्थपूर्ण छ । उनको स्टाटस एउटा उदाहरण मात्र हो । पछिल्लो समय अदालतको आदेशलाई आफूअनुकूल व्याख्या गर्ने प्रवृत्ति बढ्दो देखिन्छ ।

प्रतिनिधिसभाको चौथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को त सिंगो नेतृत्व टिमले अदालतको अपहेलना मुद्दा खेपिरहेको छ । सभापति रवि लामिछाने सहकारी बचत रकम अपचलन मुद्दामा पक्राउ परेपछि दिएको अभिव्यक्ति र गतिविधिका कारण रास्वपाका नेताहरूले अपहेलना मुद्दा खेप्नुपरेको हो । भलै, एकपछि अर्को अदालतबाट धरौटीमा छुट्ने आदेश आएपछि लामिछानेले न्यायालयप्रति भरोसा बढेको टिप्पणी गरेका छन् । धरौटीमा छुट्ने भएपछि अदालतप्रति भरोसा बढेको बताए पनि रवि र रास्वपाले अदालतलाई प्रभाव पार्नेगरी सडक आन्दोलनकै चेतावनी दिएका थिए । भोलि संभावित फैसला हेरेर फेरि त्यस्तै गतिविधि नहोला भन्न सकिन्नँ । मुद्दा र अदालतको फैसला हेरेर हरेकजसो दलबाट यस्तै टिप्पणी र गतिविधि नियमित जस्तो हुन थालेका छन् ।

आफ्नो पक्षमा फैसला भए 'भरोसा बढ्यो भन्ने र नआए लोकतन्त्रमै संकट' देख्ने प्रवृत्तिले लोकतन्त्र र न्यायिक प्रक्रियाको सम्मान हुँदैन । न्यायालयप्रति विश्वास घटाउने कार्य अदालतको अपहेलनाको विषय मात्र नभएर लोकतन्त्रलाई संकटमा धकेल्नु पनि हो किनकि स्वतन्त्र न्यायालयको आदेशबिना लोकतन्त्र असंभव छ । तर, यसको अर्थ अदालती फैसला कानुनी व्यवस्था, अदालती अभ्यास र नजिरभन्दा बाहिर गएर गर्दा पनि हुन्छ भन्ने होइन । विगतमा सर्वोच्च अदालतकै प्रमुख विवादमा तानिएकाले प्रशस्त प्रश्न उठेको थियो । कार्यकारीसँग न्यायको सौदाबाजी गर्ने प्रधानन्यायाधीशविरुद्ध सर्वोच्चमै आन्दोलन चलेको पनि देखिएको हो । अर्थात्, न्यायसम्पादनमा सुधार आवश्यक छ । तर, न्यायालयमा देखिने त्रुटिको बदला अदालती फैसला आफ्नो पक्षमा पार्नेगरी बाह्य वातावरण सिर्जना गर्नु लोकतान्त्रिक चरित्र होइन ।


## सामाजिक सञ्जाल


जुगल भूर्तेल


मार्क्सवादी-लेनिनवादी कमरेडहरूको सिद्धान्त 'विज्ञान' हो भन्ने त बच्चैदेखि सुनिएकै गफ भयो । अहिले बुझिँदै छ- त्यो 'वैज्ञानिक' भनिएको सिद्धान्तेचाहिँ षडचन्त्रको सिद्धान्त रहेछ । आफ्नोबाहेक अरू सबैका विचारधारा आयातीत मात्र होइन, तिनको अस्तित्व नै बाहिरबाट लादिएको हो भनेर ठोकुवै गर्दिने !


डम्मर खतिवडा

स्विट्जरल्यान्ड-सिंगापुरको गफ पनि सुनियो । सुखी नेपाली, समृद्ध नेपाल भोगियो । समृद्धि सम्भव छ, हाम्रै पालामा पनि देखियो । हामीलाई असफल हुने छुट छैन, देश बनाएर मर्ने हो भन्नेहरूको हविगत पनि हेरियो । जान्नेलाई छान्नेहरू पनि झेलियो । जे भन्ने त्यो गर्ने, गर्न नसक्ने नभन्ने- अझै पाइएनन् ।


भीम कुमार

नेताहरूलाई समाजवाद आयो । नेताहरूको जीवनमा लाली चढ्यो । तर, ठमेलको सडक पेटीमा सुत्ने किशोरी आमालाई के भयो ? पाकेको खुट्टाबाट पिप बगाउँदै गाउँ फर्किने निर्धो नागरिकले के पायो ? एउटा विद्रोही युवाले आफ्ना छोरा-छोरीलाई पढाउने फिस जम्मा गर्न किन सक्दैन ? अझै सुत्केरी आमाहरू रगत बगेर मर्छन् किन ? अझै गाउँमा नुन पुग्दैन किन ? र, अझै कति वर्ष रिक्सा कुदाउनुपर्छ मोहम्मदहरूले ?


इन्दु अधिकारी

कसैको मानमर्दन गर्नेगरी प्रश्न गर्ने, अनुमतिबिना वार्ता र भिडियो खिच्ने र काममा दखल दिने/हुल हुज्जत गर्ने/हुर्मत लिने कसैको पनि समर्थन गर्न सकिन्नँ । विषय सही भए सही ठाउँमा, सही तरिकाले उठाउने हो । टिकट काउन्टर/कारिन्दासँग नभई कार्यकारीसँग प्रश्न गरे सही मान्न सकिन्छ ।

# अमेरिकी नीति र एसियाको राजनीति

*अमेरिकाले कुन सन्दर्भमा कस्तो नीति लिन्छ र त्यसले विश्वमा कस्तो प्रभाव पार्ला भन्ने विषयमाथि आमरूपमा चासो हुने गरेको छ । सँगै अमेरिकाले अघि सार्ने नीतिले तत्कालै विश्व स्तरमा प्रभाव गर्ने गरेको पनि पाइन्छ...*


अग्रलेख


● लोकनारायण सुवेदी

अमेरिकी नीतिले विश्व स्तरमै प्रभाव पार्ने कुरा लुकाउनुपर्दैन । अमेरिकाले कुन सन्दर्भमा कस्तो नीति लिन्छ र त्यसले विश्वमा कस्तो प्रभाव पार्ला भन्ने विषयमाथि आमरूपमा चासो हुने गरेको छ । सँगै अमेरिकाले अघि सार्ने नीतिले तत्कालै विश्व स्तरमा प्रभाव गर्ने गरेको पनि पाइन्छ ।

स्वयं अमेरिकाले पनि नीति बनाउन त्यो मनोविज्ञानलाई हेक्का राखेको देखिन्छ । त्यस्तो दबाब सामरिक, आर्थिक या राजनीतिक जे-जस्तो पनि हुन सक्छ ।

एकथरि विश्लेषकहरू यति बेला अमेरिका र भारतको सम्बन्ध इतिहासकै सबैभन्दा राम्रो भनेर पनि औंल्याउँदै छन् । तर, अर्काथरिले भने असाध्यै अविश्वासको खाडल चुलिएको भन्ने गरेका छन् । यद्यपि, इतिहासलाई पछाडि छाडेर दुवै देशका शीर्षस्थ नेतृत्वले एकअर्काप्रति सार्वजनिक आलोचनाहरूमा सावधानी पुऱ्याएका देखिए पनि अमेरिकालाई भारतसँगको साझेदारीका शर्तका प्रति भने भारत निकै सतर्क रहेको लागिरहन्छ । भारतीय नेतृत्वको यो प्रवृत्ति र सोचप्रति भने अमेरिकी नीति निर्माताहरूलाई सहज लागिरहेको छैन ।



हुन पनि प्रसिद्ध अमेरिकी एक पत्रिका वासिंगटन पोस्टमा हालै प्रकाशित एउटा प्रतिवेदनमा के दाबी गरिएको छ भने, भारतले सन् २०२३ को माल्दिभ्सको निर्वाचनलाई प्रभावित तुल्याउनका निम्ति जुन कोसिस गरेको थियो तथा मोदी सरकार भारतको समर्थक मानिने इब्राहिम सोलिहलाई राष्ट्रपति बनाइराख्न चाहन्थ्यो भन्ने एउटा सूचनाको खण्डन भारत र माल्दिभ्स दुवै देशले गरेका थिए ।

सूचना युद्ध उन्नत युद्ध क्षेत्र व्यवस्थापन रणनीतिको अंश हो । शान्तिकालमा यसको लक्ष्य प्रायजसो राष्ट्रिय हितहरूलाई अघि बढाउने र विदेशी देशहरूमा जनताको रायलाई प्रभावित तुल्याउनु हुन्छ । अमेरिका र रुसका बीच सूचना युद्धको तीव्रता भलै अत्यधिक हुने गरेको होस्, यता, भारतलाई लिएर पनि अमेरिकी कूटनीतिको भूमिका त्यति बढी आक्रामक जस्तो देखिँदैन ।

यति बेला भने अमेरिकाको सूचना र गुप्तचर संयन्त्र खालिस्तानी आतंकवाद, क्यानाडा र मानवअधिकारलाई लिएर भारतको विरोधी जस्तो लागिरहेको देखिन्छ । गत वर्षको सेप्टेम्बरमा जति बेला भारतका प्रधानमन्त्री मोदी 'क्वाड' शिखर सम्मेलनमा सहभागी हुन अमेरिका पुगेका थिए, त्यसको केही घण्टा पहिला मात्र ह्वाइट हाउसमा अमेरिकी अधिकारीहरूले खालिस्तानी आन्दोलनका समर्थक सिखहरूको एउटा समूहसँग भेटघाट गरेका थिए । त्यस क्रममा ह्वाइट आउसले उनीहरूलाई आफ्नो धर्तीमा कुनै पनि अन्तर्राष्ट्रिय आक्रमणबाट सुरक्षाको आश्वासन दिएको भारतीय विश्लेषकहरू उल्लेख गर्छन् ।

बंगलादेशको सन्दर्भमा पनि शेख हसिनाका आवश्यकताहरूलाई भारतद्वारा अमेरिकी प्रशासन समक्ष राखिसकेपछि पनि हसिनाको सरकारको सत्ता पल्टाउने कदम र त्यसपछिको राजनीतिक परिस्थिति भारतका लागि निकै नै प्रतिकूल देखिँदै छ । शेख हसिना सरकारको पतन हुनमा अमेरिकाको भूमिकालाई लिएर सयौं तथ्यहरू प्रकाशमा आएका छन् ।

अमेरिकाले भारतको हितलाई नजर अन्दाज गरेर बंगलादेशमा राजनीतिक अस्थिरताको स्थिति उत्पन्न गरिदिएको भन्ने पनि विश्लेषण छ । भारतले त्यस प्रकारको अमेरिकी प्रयत्नको विरोध पनि गर्दै आएको छ ।

श्रीलंका, बंगलादेश, माल्दिभ्स र नेपाल जस्ता भारतका छिमेकी देशहरूमा भारतको साँस्कृतिक प्रभाव रहँदै आएको छ र त्यसको असर राजनीतिक परिस्थितिमाथि पनि पर्ने गरेको छ । भारतका यी छिमेकी देशहरूमा भारतको सबलजबाट चीनका हितहरू पनि प्रभावित हुने गरेको आँकलन पनि गर्ने गरिन्छ । तर, भारतका यी छिमेकी देशहरूसँग भारतबाट जस्तो किसिमको साझेदारीको आशा अमेरिकाले राख्छ, भारतका लागि त्यस दिशामा अघि बढ्न सामरिक दृष्टिले निकै नै चुनौतीपूर्ण छ । अमेरिकाले हिन्द-प्रशान्त रणनीतिको केन्द्रमा भारतलाई अगाडि सार्ने प्रयत्न गर्दै आएको छ । तर, भारतले भने चीनका विरुद्ध पछिल्लो समय त्यस्तो आक्रामकता देखाउन छाडेको देखिन्छ, जस्तो आशा अमेरिकाले गर्ने गरेको छ ।

अमेरिकाको राष्ट्रिय सुरक्षा रणनीतिमा के उल्लेख गरिएको बताइन्छ भने, चीन हिन्द-प्रशान्त क्षेत्रमा अमेरिकालाई विस्थापित गर्न चाहन्छ र आफ्नो राज्य संचालित आर्थिक मोडलको पहुँचको विस्तार गर्न चाहन्छ । चीन सैन्य, आर्थिक तथा प्रौद्योगिकीको रूपमा प्रतिस्पर्धा गरिरहेको छ । चीनको प्रौद्योगिकी महत्त्वाकांक्षा चीनको सैन्य विकाससँग अभिन्न र अटुट रूपमा जोडिएको कुरा सूक्ष्म विश्लेषक तथा अनुसन्धाताहरू उल्लेख गर्ने गर्छन् ।

भारतले चीनको कथित 'साम्राज्यवादी महत्त्वाकांक्षा'को विरोध त गर्छ तर त्यसलाई युद्धको संघारमा लैजाने अमेरिकी योजनामा सहभागी बन्न बिलकुलै चाहँदैन भनिन्छ ।

त्यसरी नै एसियामा अमेरिकी प्रभावलाई अझ अघि बढाउन दक्षिण कोरिया, जापान र अस्ट्रेलिया अमेरिकाका एकदमै महत्त्वपूर्ण र सक्रिय सहभागी हुन् । तर, यी देशहरूको चीनसँग सबल आर्थिक सम्बन्ध छ । त्यसैले तिनले अमेरिकाको चीनसँगको आर्थिक अलगावको नीतिप्रति सहमति राखेर अघि बढेको देखिएको छैन । अर्कोतिर अमेरिकाले भारतको आर्थिक तथा सामरिक चुनौतीहरूमा अवसर खोज्ने प्रायः प्रयत्न गर्ने गरेको छ । त्यसमा आफ्नो सफलता सुनिश्चित तुल्याउनका लागि सधैंजसो कोसिस गर्ने गरेको छ ।

यसमा सफलता प्राप्त गर्नका लागि भारतमाथि दबाब बढाउने कूटनीति पनि अपनाउने गर्छ । यद्यपि, भारतको सामरिक स्वायत्तताको नीतिले पनि अमेरिकालाई अप्ठ्यारो पार्ने गरेको छ ।

सँगै, भारत द्विपक्षीय सैन्य सम्बन्ध विकसित गर्ने र पारस्परिक सुरक्षा खतराका विरुद्ध कठोर शक्ति निर्माण गर्ने कुरामा बढी ध्यान केन्द्रित गर्न चाहिरहेको देखिन्छ । भौगोलिक तथा रणनीतिक दृष्टिले भारतका लागि रुस बढी महत्त्वको हुन पुग्छ । अनेक दबाबपूर्ण स्वार्थ र सम्झौताका बाबजुद भारत २ पक्ष सम्बन्ध कायम राख्ने भरसक कोसिस गर्ने र कुनै सैन्य गठबन्धन गर्नबाट जोगिने प्रयत्न गर्ने घरेलु दबाब पनि झेलिरहेको छ ।

हुन पनि दक्षिण एसियालाई लिएर अनेक पटक अमेरिकाका व्यापक नीतिहरू भारतको मूलभूत हितहरूबाट भिन्न पनि हुँदै आएका छन् । भारतको स्वदेशी सुरक्षा प्रौद्योगिकीमा रुसको प्रभाव ठूलो छ । प्रविधि हस्तान्तरणको कुरालाई लिएर रुसले भारतमाथि जुन भरोसा गरेको छ, त्यस्तो विश्वास र भरोसा अमेरिकाले कहिल्यै पनि देखाएको छैन । भारत र अमेरिकाका बीच रक्षा सहयोग निकै बढे पनि भारत कुन कुरालाई लिएर सशंकित देखिन्छ भने, अमेरिकाले सुरक्षा प्रतिष्ठानहरूलाई प्रतिबन्ध पनि गरिदिन सक्छ ।

हुन पनि गएको वर्ष अमेरिकाले युक्रेनमा रुसको विरुद्ध युद्ध प्रयासका लागि मद्दत गरेको आरोपमा १९ भारतीय कम्पनीहरूमाथि प्रतिबन्ध नै लगाइदिएको थियो । त्यसरी नै सन् २०२३ मा पनि अर्को एउटा भारतीय कम्पनीमाथि रुसलाई मद्दत गरेको आरोपमा प्रतिबन्ध लगाइदिएको थियो ।

अमेरिका हिन्द-प्रशान्त क्षेत्रमा आफ्नो रणनीतिलाई प्रभावकारी किसिमले लागू गर्न र आफ्नो उद्देश्य प्राप्त गर्नमा बिफल हुँदै आएको छ । त्यसको एउटा प्रमुख कारण भारतमाथि उसले प्रस्ट र मूर्त रूपमा भरोसा गर्न सकेको छैन । के प्रस्ट अनुभव भइसकेको र भइरहेको देखिन्छ भने, अमेरिकाको भारत र यसका छिमेकी देशहरूमाथि कुनै पनि प्रकारको अबाञ्छित हस्तक्षेपको नीतिबाट अमेरिका बाहिर निस्कन सकेको छैन । त्यसैले अमेरिकाको हस्तक्षेपको नीति विश्वमा सबैतिर अन्ततः असफल बन्दै गएको नै देखिन्छ ।

## इतिहासमा आज

१७ जनवरी १५९५ मा फ्रान्सका राजा हेनरी चतुर्थले स्पेनविरुद्ध युद्धको घोषणा गरेका थिए ।



१७ जनवरी १९९५ मा जापानमा ७ दशलव २ म्याग्निच्युडको भूकम्पमा परी ५ हजार ३७२ मानिसको मृत्यु भएको थियो ।



१७ जनवरी २०१३ मा इराकमा शिलशिलाबद्ध बम हमलामा ३३ जना मारिएका थिए ।



१७ जनवरी २०२० मा भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो)ले युरोपेली अन्तरिक्ष एजेन्सीबाट एरियन- ५ प्रक्षेपण यानको माध्यमबाट संचार उपग्रह जीस्याट- ३० प्रक्षेपण गरेको थियो ।



# भूकम्पले सिकाएको पाठ

विचार


● श्रीरामसिंह बस्नेत

नेपालमा भूकम्प दिवस मनाउन थालिएको पनि २६ वर्ष पूरा भइसकेको छ । २०५५ सालमा पहिलो पटक भूकम्प सुरक्षा दिवस मनाइएको थियो । दिवस मनाएयता नेपालमा धेरै कम्प र परकम्पहरू आइसकेका छन् । त्यसैले अब भूकम्प कसैका लागि पनि 'दैवको लीला' रहेन ।

केही वर्षअघिसम्म पनि नेपालमा प्रकोपलाई दैवको दोष मान्ने चलन थियो । त्यसैले प्रकोपसम्बन्धी ऐनको नाम नै दैवी प्रकोप ऐन राखिएको थियो । तर, अब पुराना सोच र शैलीमा केही परिवर्तन आइसकेको छ ।

भूकम्प सुरक्षा दिवस मनाउनुको सबैभन्दा ठूलो औचित्य र उपलब्धि भूकम्पीय सुरक्षाप्रति व्यापक जनचेतना जागृत गराउनु र सम्बन्धित निकायहरूलाई झक्झकाउनु हो ।

यो दिवसको पृष्ठभूमि २ माघ १९९० को महाभूकम्पलाई मान्नुको कारण अहिलेसम्म नेपालमा आएका भूकम्पमध्ये सबैभन्दा शक्तिशालीको भूकम्प भएको र यसको राजनीतिक, सामाजिक र आर्थिक प्रभाव व्यापक हुनु हो । कतिपयलाई ९० सालको भूकम्पको राजनीतिक प्रभाव के होला र ? भन्ने लाग्न सक्छ । तर, यथार्थ फरक छ ।

उक्त महाभूकम्प आउँदा नेपाल ८७ वर्षअघिदेखि जहानियाँ एकतन्त्रीय राणा शासनमा जकडिएको थियो, जसमा न नागरिक अधिकार थियो, न त नागरिकहरूलाई नै आफ्नो क्षमताबारे कुनै अन्दाज थियो । त्यतिखेर सबैजसो आफ्नै भाग्यलाई दोष दिँदै पशुतुल्य जीवन बिताइरहेको थिए ।

त्यस्तो अवस्थामा महाभूकम्पले यस्तो हलचल ल्याइदियो कि त्यसले जमिन मात्र हल्लाएन, जनताको सोच्ने र गर्ने शक्तिलाई समेत हल्लाएर ब्युँताइदियो ।

आपत्को अवस्थामा संगठित भएर निःस्वार्थ भावले काम गरेमा जस्तोसुकै ठूलो काम पनि गर्न सकिँदो रहेछ भन्ने तत्त्वज्ञान महाभूकम्पले ल्याएको विनाशपछि उद्धार र राहत कार्यमा अहोरात्र खटिएका नेपालीहरूले पहिलो पटक बुझे । साथै, भूकम्पपछि विचलित भएका जनमानसलाई सान्त्वना दिन प्रेरणादायी प्रवचनहरू पनि थालियो ।

मानिसहरू आपसमा सरसल्लाह, छलफल गर्ने गर्न थाले । नत्र त राणाका जासुसहरूले दुःख दिन्छन् भनेर भित्ताको पनि कान हुन्छ, बोल्न हुँदैन भनेर कुरा गर्नै डराउँथे । महाभूकम्पपछि उत्पन्न जटिल परिस्थितिले त्यो डर भगाइदियो ।

भूकम्प सुरक्षा दिवस मनाउने प्रचलन सुरु नहुँदासम्म पुराना पुस्ताका नेपालीका लागि २ माघ १९९० एउटा बिर्सनै नसकिने घटनामा सीमित थियो भने नयाँ पुस्ताका लागि त्यो भूकम्प कुनै दन्त्यकथा जस्तो मात्र थियो किनकि त्यसबाट कुनै पाठ सिकेर समुदायलाई भूकम्पीय सुरक्षातर्फ क्रियाशील बनाउने काम न कुनै राज्यस्तरबाट भएको थियो, न जनस्तरबाट । सबै भगवान् भरोसामा थिए ।

२ माघ २०५५ देखि सार्वजनिक रूपमै भूकम्प सुरक्षा दिवस मनाउन थालिएपछि सबैको ध्यान भूकम्पप्रति आकृष्ट भयो र भूकम्प घरघरको र टोलटोलको चर्चाको विषय बन्यो ।

अहिलेसम्म देश र विदेशमा गएका भूकम्पहरूले सिकाएको एउटै पाठ के हो भने, भूकम्प आफैंले मान्छे मार्दैन तर भूकम्पले भत्काएका कमजोर संरचनाहरूले मान्छे मार्छ भन्ने नै हो । तसर्थ, हरेक संरचना बलियो बनाउनु पहिलो काम हो ।

तर, हामीकहाँ अझै पनि किफायतको नाममा, कानुन मिचे ठूलो मानिन्छ बनिन्छ भन्ने भ्रममा, मुनाफा बढी कमाउने लालचमा सार्वजनिक निर्माण कम गुणस्तरको बनाउनेलगायत धेरै कारणहरूले संरचना जति बलियो बनाइनुपर्ने हो, त्यसो हुन सकिरहेको छैन । यसमा कतिपय नीतिगत कमीकमजोरी पनि छन् भने कतिपय नियतगत् ।

बलियो संरचनाको सन्दर्भमा अर्को महत्त्वपूर्ण पाटो हो प्रबलीकरण अर्थात् रेट्रोफिट । नयाँ संरचना निर्माणको प्रारम्भदेखि नै तोकिएको मापदण्डअनुसार निर्माण गरेर संरचनालाई बलियो बनाउनुपर्छ भने पहिले नै बनिसकेका संरचनाहरूलाई प्रबलीकरण प्रविधिको माध्यमबाट बलियो बनाउन सकिन्छ । प्रबलीकरण कति भरपर्दो प्रविधि हो भन्ने तथ्यलाई २०७२ वैशाखको गोरखा भूकम्पले स्पष्टसँग प्रमाणित गरिसकेको छ ।

त्यो भूकम्प आउनुभन्दा केही वर्ष अगावै प्रबलीकरण गरिएका विशेषगरी केही सरकारी विद्यालय भवनहरूलाई गोरखा भूकम्पले क्षति नगरेको तर प्रबलीकरण नगरिएका विद्यालय भवनहरू भने धेरै भग्नावशेषमा परिणत भएका उदाहरण हामीसँग छन् ।

तसर्थ, नयाँ निर्माण गरिने संरचना मात्र होइन, पुराना संरचनाहरूलाई बेलैमा प्रबलीकरण गरी सुरक्षित पार्नु पनि त्यति नै जरुरी छ । यो सत्यलाई मनन गर्दै नेपालमा पनि प्रबलीकरणका केही कामहरू उत्साहजनक रूपमा भएका छन्, कतै हुँदै छन् । जस्तै : सर्वोच्च अदालत भवन, त्रिचन्द्र कलेजको पहिलो भवन आदि ।

नेपालका विभिन्न स्थानमा रहेका सरकारी, संस्थागत, निजी संरचनाहरू कतिपय ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्त्व बोकेका सम्पदाहरू छन्, जो जोखिमको अवस्थामा छन् । तिनलाई क्रमैसँग प्रबलीकरण गर्नु, गराउनु राज्यको दायित्व हो । सबै संरचनाको प्रबलीकरण एकै आर्थिक वर्षभित्र गर्न सम्भव नहोला तर चरणबद्ध रूपमा त्यस्ता महत्त्वपूर्ण पुराना संरचनाहरूलाई प्रबलीकरण गर्ने नीति, कार्ययोजना र कार्यक्रम राज्यसँग हुनु अपरिहार्य छ ।

प्रश्न भूकम्पको मात्र होइन बाढी, पहिरो, आगलागी, लू, शीतलहर, चटचाङ, हिमपहिरो आदि अनेकौं विपद् हामीले ऋतुअनुसार नियमित रूपमा भोग्नुपर्ने नियति बनेका छन्, जसलाई टार्न सकिँदैन तर ती विपद्बाट जनधनलाई धेरै हदमा जोगाउन भने सकिन्छ । तर, कसरी ? मूल प्रश्न र चुनौती यही नै छ ।

यसको समाधानको एक मात्र उपाय आजको नाराले बोकेको छ अर्थात् सुदृढ पूर्वतयारीका साथ । दर्जनौं रोगको एउटै अचुक औषधि भनेजस्तै सबैखाले विपद्बाट जोगिने एउटै उपाय सुदृढ पूर्वतयारी नै हो । तर, विडम्बना ! हामी त्यसैमा कमजोर छौं । हरेक पटकको विपद्ले पूर्वतयारीमै कमजोर रहेको भनेर हामीलाई धिक्कारिरहेझैं प्रतीत हुन्छ ।

विपद्को पीडा कस्तो हुन्छ भन्ने अनुभूति विपद् भोगेको वास्तविक पीडितलाई मात्र थाहा हुन्छ, निरीक्षण गर्न गएकाहरूलाई हुँदैन । तसर्थ, सुदृढ पूर्वतयारी विश्वसनीय नभएसम्म विपद्को पीडाबाट जोगिन सकिएला भनेर ढुक्क हुन सकिँदैन ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# पुनर्स्थापनाको माग गर्दै कन्चनपुरका आरक्षपीडित फेरि आन्दोलित

**काठमाडौं/मस–** कञ्चनपुरको शुक्लाफाँटा वन्यजन्तु आरक्ष (हाल राष्ट्रिय निकुञ्ज) विस्तारका क्रममा पीडित बनेकाहरु फेरि आन्दोलनमा उत्रिने भएका छन् । सरकारले हालै गठन गरेको ३४औं समस्या समाधान न्यायीक आयोगको प्रतिवेदनप्रति आपत्ति जनाउँदै पीडितहरुले संघर्षका कार्यक्रम घोषणा गरेका हुन् ।





संघर्ष समितिका पदाधिकारीले बिहीबार रिपोर्टर्स क्लबमा पत्रकार सम्मेलन गर्दै २३ वर्ष बितिसक्दा पनि आफूहरुको पुनर्स्थापना हुन नसकेको र राज्यले आयोग गठनमात्रै गरेर पटक–पटक झुक्याउने काम गरेकाले निर्णायक संघर्षको तयारीमा लागेको बताए ।

संघर्ष समितिका सचिव प्रेमदत्त भट्टले भने,'पूर्वन्यायाधीश जयानन्द पनेरुको अध्यक्षतामा आरक्षबाट विस्थापितहरुको पुनर्स्थापनाको लागि आयोग गठन भएको थियो । त्यो आयोगले नेपाल सरकारको टिओआर बमोजिम काम नगरी आफ्नो मनासिबले काम गरेकाले हाम्रो आपत्ति छ ।'

राज्यले २०५८ सालमा आपफूहरुलाई विस्तापित गराएको भएपनि अहिलेसम्म पुनर्स्थापनाको काम नगरेको भट्टले सुनाए । कञ्चनपुरको कृष्णपुर नगरपालिका–२ निवासी भट्टकाअनुसार २०५८ सालमा कञ्चनपुरका तत्कालिन तीनवटा गाविसका १० वटा वडालाई तत्कालिन सरकारले संकटको मौका छोपेर हचुवामा निकुञ्ज क्षेत्र घोषणा गरेको थियो । त्यतिखेर १० वटा वडाबाट ४ हजार ३ सय १४ घरघुरीका ३५ हजार ७ सय ७२ जना विस्तापित भएका थिए । आरक्ष विस्तार गरिएको क्षेत्र कञ्चनपुर निर्वाचन क्षेत्र नम्बर २ मा पर्छ । यहाँबाट कांग्रेस केन्द्रीय सदस्य एनपी साउद प्रतिनिधिसभा सदस्य छन् । निर्वाचनका बेला साउदले आरक्ष समस्या तुरुन्तै समाधान गर्ने प्रतिबद्धता जनाए पनि निर्वाचित भएको दुई वर्ष बितिसक्दा पनि ठोस पहल गरेका छैनन् । लामो समयदेखि कञ्चनपुरमा आरक्ष पीडितको पुनर्स्थापना समस्या चुनावी एजेण्डा बन्ने तर सम्बोधन नहुने बनिरहेको छ ।

'हामीलाई बिचल्लीमा पारेर अहिलेसम्म कुनै व्यवस्था गरेको छैन । पुनर्स्थापना गर्छु भनेर पटक–पटक गरी ०५८ यता १४ वटा आयोग बनायो । आफ्नो कार्यकर्तालाई पाल्ने, सेटलमेन्ट गर्ने, जनतालाई झुक्याइराख्ने, गर्छौं गर्छौं भन्ने गरियो । अहिले अब यो अन्तिम हो, यसपछि आयोग बन्दैन, यो अन्तिम आयोगले तपाईंको व्यवस्था गर्छ भनियो,' आरक्ष पीडित भट्टले भने, 'तर कस्तो आयो भने हामी जनताको घाँटी काट्न खोजियो । जुन ठाउँमा बसेका छौं, हाम्रो बच्चाले देशविदेश गएर, कमाएर, घरघडेरी बनाएको छ, १० लाख बुझ तिमीहरु, त्यो घरघडेरी पनि छोडिदेउ भन्ने किसिमको प्रतिवेदन वन मन्त्रालयमा बुझाएको छ । त्यसमा हाम्रो आपत्ति छ ।'

आयोगको प्रतिवेदनले समस्या समाधान गर्ने भन्दा पनि झन् अन्योल बढाएको उनको भनाइ थियो । विस्थापितहरु अहिलेसम्म अलपत्र अवस्था रहेको, कोही सडक त कोही नदी किनारामा बसिरहेको सचिव भट्टले पत्रकार सम्मेलनमा जानकारी गराए ।

पीडितहरुले यदि राज्यले पुनर्स्थापना गर्न नसक्ने हो भने दुई वटा विकल्प रहेको पनि सुनाए । 'पहिलो हामी जुन ठाउँबाट संकटकालमा विस्थापित गरेको हो, त्यही ठाउँमा पुनर्स्थापना गरिदिनुपर्‍यो । त्यो पनि सम्भव भएन भने हामी नेपाली हौं भन्न पनि लाज लाग्छ । नेपाली नागरिकता प्रयोग गर्ने चुनावमा मत हाल्नमात्र हो । भाग खाने अरु नै आउँछ,' भट्टले भने ।

आरक्ष पीडित भट्टले विगतको आयोगले पीडितको हकमा निर्णय गरेपनि लुकाइएको पाइएको भट्टले सुनाए । '०६३ सालमा देवानसिंह विष्टको पहिलो आयोगले त्यहाँको जिल्ला वन अधिकृतबाट समेत प्रमाणित गराएर बस्न उपयुक्त बुट्यान झाडीहरु पहिचान गरी पीडितहरुलाई राख्नुपर्छ भनेर प्रतिवेदन पास गरेको रहेछ । अहिले आएर थाहा भयो । त्यो प्रतिवेदन हामीले प्राप्त गरेका छौं,'उनले भने ।

सरकारी प्रतिवेदनले नै देखाएको जग्गामा बस्छौ भन्दा वन ऐन ०७६ देखाएर रोक्ने गरिएको तर त्यही जग्गामा अरु कार्य भइरहेकोमा पीडितहरुले आपत्ति जनाए । ३४ वटा आयोग बनाएर कार्यकर्ता व्यवस्थापनको लागि खर्च गरिएको करोडौं रुपैयाँले आफूहरुको व्यवस्थापन पहिले नै हुने उनको भनाइ थियो । 'आयोग त ३४ वटा भए । तर, १४ जना व्यक्ति (कोही दोहोरिएका) अध्यक्ष हुँदा एक परिवारको पनि व्यवस्थापन गरेको १४ परिवार त पुनर्स्थापना हुन्थे ।

# अपहरण तथा शरीर बन्धक मुद्दाका फरार भारतीय पक्राउ

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ३ माघ

रौतहट प्रहरीले अपहरण तथा शरीर बन्धक मुद्दामा फरार एक जना भारतीय नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बिहारको सितामढी जिल्लाको बसबिट्टा बस्ने २२ वर्षीय सुधीर कोइरी रहेका छन् । कोइरीले गत वैशाख ९ गते जिल्लाको परोहा नगरपालिका–२ तेजापाकडका ३० वर्षीय हिरामन महतोलाई माधव नारायण नगरपालिका ६ माधोपुरबाट अपहरण गरी भारत लगेका थिए । कोइरीले महतो परिवारसँग चार लाख रुपैयाँ फिरौती माग गरी फरार रहेका थिए । गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय रौतहटको समन्वयमा जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको टोलीले मंगलबार पक्राउ गर्न सफल भएको हो । कोइरीलाई सर्लाहीको सीमावर्ती इलाकामा लुकीछिपी आउने जाने गरेको अवस्थामा पक्राउ गरिएको प्रहरीको भनाइ रहेको हो । प्रहरीले यस विषयमा थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक उमाशंकर गुप्ताले जानकारी दिए ।



यसैबीच जिल्ला प्रहरी कार्यालय रौतहटले विभिन्न मुद्दामा फरार रहेका ४० जनालाई पक्राउ गरेको हो । अदालतको फैसला कार्यान्वयन अन्तर्गत कैद तथा जरिवाना सजाय तोकिएको विभिन्न मुद्दाका ४० जना फरार प्रतिवादीलाई कार्यालय तथा मातहतबाट खटिएको प्रहरी टोलीले पक्राउ गरी आवश्यक कारबाहीको लागि सम्मानित रौतहट जिल्ला अदालतमा पठाइएको प्रहरीले जनाए । पक्राउ पर्नेहरूमा २० वर्ष जेल सजाय सुनाइएका कर्तव्य ज्यानका आरोपीदेखि, किर्ते जालसाजी, बिगो जरिवाना र चोरी घटनासम्मका अभियुक्त रहेका छन् ।

HIMALAYAN LIFE

प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने ब्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.स. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1 | GLI0210004707 | Sneh Gurung | Chundevi-4, Kathmandu Kathmandu |
| 2 | PLI1010016007(S) | Dhana Bahadur Shrestha | Gokarneshwor-6, Kathmandu |

## सिटी एक्सप्रेस बचत तथा ऋण सहकारी संस्थाको कार्यालय सर्ने सूचना !

*प्रकाशित मिति २०८१।१०।०४*

यस संस्थाको मुख्य कार्यालय साविक काठमाडौं जिल्ला, का.म.न.पा. – २८, जामेमार्केट घण्टाघरबाट यही मिति २०८१/१०/०६ गते देखि काठमाडौं जिल्ला का.म.न.पा.–१, कमलादी स्थित मुक्तिनाथ बिकास बैंक भएको भवनको दोश्रो तलामा सर्ने भएकोले सबै सदस्यहरु तथा सम्बन्धित सबैलाई यसै सूचना मार्फत जानकारी गराइन्छ साथै कार्यालय सार्ने प्रयोजनार्थ माघ ५ र ६ गते Online कारोबार बन्द हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

## निक्षेप उपर हकदावी सम्वन्धी ३५ दिने सूचना

यस विकास बैंकको, ठमेल शाखा कार्यालयका खातावाला निलकण्ठ भट्टराईको नातीनी,तुलसी प्रसाद भट्टराईको छोरी बागमति प्रदेश, काठमाण्डौं जिल्ला, बानेश्वर नगरपालिका वडा नं.१० मा बस्ने श्री राधा देवी शर्माको मिति २०८१/०८/२० गतेका दिन मृत्यु भएकोले निजको नाममा यस विकास बैंकमा रहेका बचत तथा निक्षेप खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा बिकास शर्मा ज्ञवालीले यस विकास बैंकमा निवेदन दिनुभएको हुंदा उक्त निक्षेप रकम उपर निज निवेदक वाहेक अग्र प्राथमिकताका आधारमा अन्य कोही कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित हकदावी गर्नुहुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो निक्षेप उपर हकदावीको सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदन माग वमोजिम भई जाने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
केन्द्रीय कार्यालयः
सनराईज बिज पार्क, डिल्लीबजार, काठमाडौं
फोन नं.: ०१-४५१३२३२, ४५१३२३७
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

Government of Nepal (GoN)
**Ministry of Health & Population**
## Narayani Hospital
**Birgunj, Parsa**

### Invitation for E-Bid

**Date of Publication: 2081.10.04 (17th Jan.2025)**

Narayani Hospital, Birgunj, Parsa invites electronic bid from duly eligible and qualified registered bidders for Goods Supply under National Competitive Bidding (NCB) for the following Contract No. All further information and bid documents can be inspected visiting the PPMO's website https://www.bolpatra.gov.np/egp.

**Contract Details:**

| S. No. | IFB No. | Bid Topic | Remarks |
|---|---|---|---|
| 1. | NH/NCB/GOODS/2081/082/10 | Supply & Delivery of Rasan Items | |
| 2. | NH/NCB/GOODS/2081/082/11 | Supply & Delivery of Liquid Oxygen | |

## Invitation for Bids

Government of SudurPashchim Province
**Ministry of Social Development**
**Province Public Health Laboratory**
Dhangadhi, Kailali, Nepal
**Date of publication: 2081/10/04 (January, 17-2025)**

The **Province Public Health Laboratory Dhangadhi-13, Kailali** invites electronic bids from eligible bidders for thefollowing goodsunder National competitive bidding – **Single Stage Two Envelopeprocedures** specified in public procurement Act & Regulations as.

| Description of Goods | IFB No | Bid Security | Bid Security Validity |
|---|---|---|---|
| The Procurement, Supply and Delivery of Fully Automated Coagulation Analyzer | PPHLSPP/G/NCB-03/2081-082 | Rs.1,25,000.00 | 2082/03/02 (June 18, 2025) Or 120 days after bid opening |
| The Procurement, Supply and Delivery of Fully Automated ELISA Processor | PPHLSPP/G/NCB-04/2081-082 | Rs.1,25,000.00 | 2082/03/02 (June 18, 2025) Or 120 days after bid opening |
| The Procurement, Supply and Delivery of Fully Automated Urine Culture System | PPHLSPP/G/NCB-05/2081-082 | Rs.1,25,000.00 | 2082/03/02 (June 18, 2025) Or 120 days after bid opening |
| The Procurement, Supply and Delivery of Fully Automated Tissue Processor | PPHLSPP/G/NCB-06/2081-082 | Rs.1,25,000.00 | 2082/03/02 (June 18, 2025) Or 120 days after bid opening |

Eligible Bidders may obtain further information and inspect the bidding documents at the PPMOeGP system www.bolpatra.gov.np/egp. For more Information: Telephone:-+977-091-590684, email: provincelaboratory07@gmail.com

**Acting Director**

## युएईमा रोजगार

कम्पनी : **PACT EMPLOYMENT SERVICES LLC** शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/१०/०३ चलानी नं.: ६०२३१३८८ LT. No.: 317070

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 20 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३३,७८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 35 | 0 | | 1200 | ४५,०४८ | | | | | | | |
| 3. | Industrial Electrician | 10 | 0 | | 1200 | ४५,०४८ | | | | | | | |
| 4. | Mechanic Assistant | 20 | 0 | | 1000 | ३७,५४० | | | | | | | |
| 5. | Pipe Fitter | 15 | 0 | | 1200 | ४५,०४८ | | | | | | | |
| 6. | Plumber | 10 | 0 | | 1200 | ४५,०४८ | | | | | | | |
| 7. | STEEL FIXER | 10 | 0 | | 1200 | ४५,०४८ | | | | | | | |
| 8. | Stone Mason | 10 | 0 | | 1200 | ४५,०४८ | | | | | | | |
| 9. | WELDER | 10 | 0 | | 1200 | ४५,०४८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ११ गते ( 24 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Sufi International Services Pvt. Ltd.** Gov. Lic. No. 796/065/066
Sinamangal-9, Manpower Bazaar, Kathmandu, Nepal, Tel No.: +977-1-4569691, 4569692
E-mail: sufiintlpvt@gmail.com

## साउदीमा रोजगार

कम्पनीः **Construction and Roads Services Est. For General Contracting** शहरःSaudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/१०/०३ चलानी नं.: ६०२३१३८६ LT. No.: 317149

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Workers | 14 | 0 | स. काममा दक्ष | 1000 | ३६,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ माघ ११ गते (24 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
LUCKY H.R. Solution Pvt. Ltd.
श्रम ईजाजत नं.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@merocvs.com/ info@luckyhrsolution.com

## कुवेतमा रोजगार

कम्पनीः **MECCA COMPANY FOR CONSUMER ORDER DELIVERY** शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८१/१०/०३ चलानी नं.: ६०२३१३८९ LT. No.: 317164

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 25 | 0 | स. काममा दक्ष | 140 | ६२,५४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ११ गते (24 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**AAYUSH OVERSEAS PVT. LTD.** Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu | Tel: 01-015918559
Email: aayushoverseas123@gmail.com | Web: www.aayushoverseas.com.np

## साउदीमा रोजगार

कम्पनीः **TOWER PLANNING TRADING & CONT CO.LTD** शहरः KSA
पूर्व स्वीकृत मितिः २०८१/०३/०२ चलानी नं.: ६०२२१३५८ LT. No.: 306602 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labour | 4 | 0 | स. काममा दक्ष | 1000 | ३६,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ माघ १३, १४ र १५ गते (26, 27 & 28 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**S. P. M. OVERSEAS PVT. LTD.** Gov. Lic No. 817/066/067
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795
Kathmandu Contact No : 984-2151398 / 981-3127393 / 9706534871, Email: Spmoverseas@gmail.com, Web.: www.spmoverseas.com

## Shivasatakshi Municipality
## Office of the Municipal Executive
**Koshi Province, Jhapa**

### Invitation for online Bids

**Date of 1st Publication : 2081/10/03 (16-Jan-2025)**

Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement work under National Competitive bidding procedures specified in Public Procurement Act 2063 and Regulations 2064.

| Contract Number | Description of Work | Bid Document Fee | Estimated Amount Without Vat & Contingencies | Bid Validity Perid | Minimun Bid Security Amount | Bid Security Validity Perid | Deadline For Submission of Bid | Opening of Bid |
|---|---|---|---|---|---|---|---|---|
| 17/SM/ NCB/Road/ 2081/082 | Construction of Blacktop Ring Road Phase XI, Shivastakshi 09 | Nrs 3000.00 | Nrs 72,61,038.27 | 90 Days After Bid opening | Nrs 2,08,000 | 30 Days beyond the Validity of Bid | 16-Feb-2025 12: 00 Hours | 16-Feb-2025 14: 00 Hours |

**Information to deposit the cost of Bidding document in Bank**

**Name of the Bank** : Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch
**Name of Office** : Shivasatakshi Municipality
Office Account no. : **29601400000017**

If Bidder wishes to submit the Cash Security ,the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. **29601400000048** on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.

A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**Chief Administrative Officer**

# कतारमा कन्दरा ब्यान्ड सम्मानित

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ३ माघ ।



'पहिला घरदेश अनि परदेश'को नारासहित आफ्नो विश्व सांगीतिक यात्रा सुरु गरेको नेपालको स्थापित लोक पप ब्यान्ड कन्दरा कतारमा सम्मानित भएको छ । बुधबार साँझ गण्डकी प्रदेश समन्वय परिषद् र कास्की आदर्श समाज कतारले एक कार्यक्रमको आयोजना गर्दै ब्यान्डलाई सम्मान गरेका हुन् ।

कन्दरा ब्यान्डलाई खादा, दोसल्ला, मायाको चिनोसहित सम्मानपत्रले सम्मान गरिएको हो ।

सम्मान ग्रहणपछि बोल्दै ब्यान्डका मुख्य गायक विवेक श्रेष्ठले आफ्ना गीतहरूमा पोखरा आसपासका ठाउँहरूलाई प्राथमिकता दिने गरेको बताए । गण्डकी प्रदेश संगीत र साहित्यको संगम रहेको बताउँदै ब्यान्डले पहिलो पटक प्रवासमा क्लबमा कार्यक्रम गर्न लागेकाले आफूहरू दर्शकलाई गीत सुनाउन आएको हुँदा कतारमा रहेका गण्डकीवासीको खास भूमिकाको अपेक्षा गरेको बताए । कन्दराले लिएको मूल नारा आन्तरिक पर्यटन प्रवर्द्धन रहेको हुँदा ब्यान्डले कमब्याक स्वरूप पोखरामा कन्सर्ट गरेसँगै पहिला नेपाल घुमौं त्यसपछि विश्व यात्रा गरौं भन्ने हेतुले 'पहिला घरदेश अनि परदेश'को नारा लिएर अगाडि बढिरहेको बताए । 'ब्यान्डको अभियानलाई गण्डकी परदेश सरकार र पोखरा नगरपालिकाले साथ दिएका छन्', उनले भने । उनले पछिल्लो ३२ वर्षदेखि गीत गाउँदै आए पनि कन्दरा ब्यान्डलाई काँधमा बोकेर सदैव जीवित राख्ने ब्यान्डका संस्थापक सुनिल थापाप्रति आभार व्यक्त गरे ।

श्रेष्ठले प्रवासमा रहेर समन्वय समितिसमेत स्थापना गरी सामाजिकलगायताका कामहरू गरेको मा धन्यवाद ज्ञापन गरे । उनले ब्यान्डले पाएको सम्मान नेपाली गीत, संगीत र साहित्यले पाएको भनी बुझ्नुपर्ने बताए ।

परिषद् कतारका कार्यबाहक अध्यक्ष नन्दलाल विक (अजय)को सभाध्यक्षता तथा परिषद् कतारका संस्थापक अध्यक्ष आशबहादुर गुरुङको प्रमुख आतिथ्यमा सम्मान कार्यक्रम सम्पन्न भएको हो । गण्डकी प्रदेशभित्रका सम्पूर्ण जिल्ला संस्थाहरूको तर्फबाट प्रतिनिधित्व गर्दै कास्की आदर्श समाज कतारका अध्यक्ष अग्निधर देवकोटाले स्वागत मन्तव्य राखेका थिए ।

विभिन्न वक्ताहरूले कन्दरा ब्यान्डको विगतको केही सुस्तताप्रति चिन्ता व्यक्त गर्दै विश्व सांगीतिक यात्रा सफलताको शुभकामना व्यक्त गरेका थिए । रोशन अर्याल र अर्जुन संग्रौलाले मिलेर कार्यक्रमको सहजीकरण गरेका थिए ।

## मनोहरिको 'एक्टर' हलमा

**काठमाडौं/मस–** आज शुक्रबारदेखि पत्रकार मनोहरि थापाद्वारा निर्मित फिल्म 'एक्टर' प्रदर्शनमा आएको छ । फिल्म देशभरका झन्डै ७० वटा सिनेमा हलमा प्रदर्शनमा आएको छ ।

युवा पुस्तालाई लक्षित हौसला प्रदान गर्ने कथावस्तु समेटेर निर्मित 'एक्टर' अभिनेता प्रिन्स थापा मगरको डेब्यु फिल्म हो । विशेष शोहरूमा दर्शकहरूबाट प्रशंसा बटुल्न सफल 'एक्टर'मा अभिनेता तथा अभिनेत्री नयाँ भए पनि उनीहरूको काम अहिलेका चल्तीका स्थापित कलाकारहरूको भन्दा कम नभएकाले आफू सन्तुष्ट रहेको निर्देशक मदन घिमिरेले बताए ।

आधुनिक परिवेश, प्रेम, रोमान्स, थ्रिलर्स सस्पेन्स, मनोरञ्जनपूर्ण 'एक्टर'मा मुख्य अभिनेता प्रिन्स थापा मगरको साथमा शिवानी गिरी, कसिस दाहाल, निशा के. सी. भण्डारी, कृष्ण मल्ल, सरोज खनाल, महेन्द्र मैनाली, शिबु शाहलगायतका कलाकारको अभिनय छ । फिल्ममा सम्राट थापाको कथा तथा संगीत छ । मदन घिमिरेको निर्देशन रहेको 'एक्टर' नेपाल डायस्पोरा इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको हो ।

## साउदी र यूएईमा रोजगार

**कम्पनी:** CADDELL CONSTRUCTION COMPANY DELLC **शहर:** RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१०/०२ चलानी नं.:६०२३१३८० L.T. No.: 317125

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor Costruction | 42 | 0 | स. काममा दक्ष | 1000 | ३६७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० कामदारले | निःशुल्क |

**कम्पनी:** PARAMOUNT INTERNATIONAL CONTRACTING LLC **शहर:** ABU DHABI
पूर्व स्वीकृत मिति: २०८०/०७/२४ चलानी नं.: ६०२१०१५३ L.T. No.: 294904 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Furniture Carpenter | 12 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५०४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Polisher | 8 | 0 | | 1200 | ४५०४८ | | | | | | | |
| 3. | Helper | 14 | 0 | | 800 | ३००३२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ११ गते (24 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १०९/०५४/०५५

**Dynamic Sales & Services (P) Ltd.**
Post Box No. 2012, Basundhara, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625, Fax: 00977-7- 4355570
E-mail: info@dssnepal.com, Website: www.dynamicmanpower.com

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय भैरहवा, रुपन्देहीको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८१/१०/०४ गतेको मध्यान्ह राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीहरुले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

